
Agnichakra National Monthly

# अग्निचक्र



www.agnichakranews.com राष्ट्रिय मासिक

## नारी र पुरुषबीचको एकाकारमा वर्गीयताको होड



## सृष्टि संरचनाको विरोध



*Proper Management for Balanced Development*

– Mukunda Sharma Kafle



संगीतज्ञ कमल मान सिंहको **पर्खाइको पीडा २**

७८ औं यात्रा

॥ नयाँ वर्ष २०७४ को हार्दिक मंगलमय शुभकामना ॥

२०७४ वैशाखदेखि चैत्रसम्म १२ महिनाकै राशिफल

ISSN 2362-1109

आफ्नो
अधिकारको खोजी गर्दा
अरूका अधिकार एवं प्रचलित
नियम–कानुनको पनि
ख्याल गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

# नयाँ वर्षले सबैलाई सद्‌बुद्धि प्रदान गरोस्

*नेपालको संविधान २०७२ लाई इतिहासकै सम्पूर्ण उपलब्धिका रूपमा मान्नेहरू धेरै छन् र यो धेरै हदसम्म जायज कुरा नै हो । किनभने नेपाली जनताले सात दशक लगाएर संघर्ष र बलिदानीबाट धेरै दुःख कष्ट व्यहोरेर यो उपलब्धि राजनीतिक रूपमा प्राप्त गरेका हुनाले वर्तमान संविधान धेरैको स्वागतको विषय बन्यो । आफूलाई तराई-मधेशका जनताको प्रतिनिधि हुँ भन्ठान्ने केही चुनाव हरुवा नेताहरूको विदेशी स्वार्थसँग गासिएको व्यक्तिगत रिलेशन र स्वार्थका कारण मात्र 'हाम्रो संविधान' लाई अस्वीकार गरेका हुन् । यिनीहरूको भविष्य अब कस्तो रहला, त्यो त आगामी चुनावी दिनहरूमा नै थाहा होला । मुलुकलाई झन् झनै संकटको दिशामा लिएर जान चाहनेहरूलाई कस्ले तह लगाउला ?*

*यो प्रश्न आम देशभक्त नागरिकको मनमा गुन्जीएको छ । तराई-मधेशका जनताको विश्वास जित्न नसकेका, त्यो पनि चुनावमा पराजीत भएर हरुवानेताको उपमा पाएका मधेशका नेताहरू भारतीय विस्तारवादी महाप्रभुहरूको इसारामा हिडेकैले यो मुलुकले धेरै कष्ट व्यहोर्नु परेको तथ्य सबैतिर जगजाहेर नै छ । मित्रराष्ट्रले नाकाबन्दी लगाउदा आफ्नो देशको हित रक्षा गर्नुको साटो मित्रराष्ट्रकै जाउलो खाएर सिमानाकामा धर्ना कस्ने मधेसी नेताहरूलाई तह लगाउन या त पृथ्वीनारायण शाह नै जन्मनु पर्छ कि त जंग बहादुर नै ।*

*पहिले केपी ओलीले र अहिले प्रचण्ड नेतृत्वको सरकारले संविधानका अपूर्णतालाई संशोधन मार्फत पूर्णता दिएर देशलाई तीब्र विकास र समृद्धिको दिशातर्फ लग्न चाहदा पनि मधेशवादी दल तयार नहुनु र एक पछि अर्को माग थप्दै जानुका पछाडी विदेशी स्वार्थमा मधेसी नेता बिगेको महसुस नेपाली जनताले गर्न थालेका छन् । आफू मन्त्री भएका बखत विगतमा भ्रष्ट्राचार गरेर अकुत सम्पत्ति आर्जन गर्ने राजेन्द्र महतो लगायतका मधेसी नेताहरू काठमाडौंमा आलिसान महल बनाएर मधेसमा विद्रोह मच्चाउने स्वार्थी नेता हुन् । ४ जात छत्तिस वर्णको साझा फूलवारीमा बहुजातीय, बहुभाषीय, बहुसंस्कृति भएको झण्डै दुई सय थरीका मान्छेको बसोबास भएको मुलुकमा मधेसी नाम भिरेर राजनीति गर्न खोज्ने राजेन्द्र महतो लगायतका अंगीकृतहरूलाई नखेदेसम्म नेपालमा स्थायी शान्ति आउदैन भन्ने कुरा मधेशका सच्चा सक्कली जनताले बोल्न थालेका छन् ।*

*राष्ट्रको ढुकुटीमा ब्रह्मलुट मच्चाएर, अर्बौंको घोटाला गर्ने, भ्रष्ट्राचारी, घुसखोरीमा संलग्न स्वार्थी राजनीतिक दल र पराईको स्वार्थपूर्तीमा संलग्न हुने, गलत नियत भएका राजनीतिक दलहरूलाई नेपाली जनताले अब यही वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचन मार्फत पछारेर आफ्नो जनमतद्वारा सक्षम-योग्य र स्वच्छ छवी भएका नेता छान्नु हुन अग्निचक्र विनम्र अनुरोध गर्दछ ।*

*मधेशवादी दलहरूले आफूलाई सच्याउने, जय मधेश भन्नुको सट्टा जय नेपाल भन्ने अनि हिमाल र पहाडका जनताको पनि मन जित्ने काम गर्नु नै उनीहरूको भविष्य सुरक्षित हुनु हो । त्यसकारण, नेपालले नेपालीकै हितमा छिमेकी मित्रराष्ट्रहरू चीन र भारतको साथ अनि विश्वासद्वारा बलियो हैसियत बनाई संसारभर एक स्वतन्त्र असल मित्रका रूपमा नेपाल राष्ट्रलाई चिनाउनु पर्छ । यसका लागि हिमाल, पहाड र तराई-मधेसका नेताहरू देश भक्त बन्न जरुरी छ । सबै नेताहरूलाई चेतना भया ॥ नव वर्ष ०७४ ले सबैलाई सद्‌बुद्धि देओस्, समस्त पाठक, विज्ञापनदाता र शुभेच्छुकहरूलाई हार्दिक मंगलमय शुभकामना ॥*

*॥ जय गोरख ॥ जय नेपाल ॥*

वर्ष ८, अङ्क ८, पूर्णाङ्क ७८

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानूनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१


प्रकाशित मितिः २०७३ चैत्र २९ गते




## ॐ सत्‌गुरू वन्दना

**गोरक्ष वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

## व्यक्तित्व र रंगीन दुनिया




'अग्निचक्र' मासिकको नियमित पाठक भएर आठ वर्षदेखि निरन्तर पढिरहेको छु । झट्ट हेर्दा आध्यात्मिक-धार्मिक पत्रिका जस्तो लाग्ने 'अग्निचक्र' जब पल्टाउँदै गइन्छ तब थाहा हुन्छ कि यो त 'अल्राउन्डर' मासिक पो रहेछ । यसले स्वास्थ्य सन्देश पनि दिइरहेको छ । स्वास्थ्य लेख र स्वास्थ्य संवाद पनि प्रकाशित गरिरहेको पाइएको छ । त्यस्तै साहित्यिक स्रष्टाहरूसँगको संवाद, साहित्यिक गतिविधिका साथै आर्थिक-बैंकिङ क्षेत्रलाई समेटिएर बैंकका सीईओहरूको अन्तर्वार्ता र स्तम्भ पनि प्रकाशित गरिरहेको पाइएको छ । समाचार, कविता, मुक्तक, बालकथा, उपनिषत्‌का कुराहरू पनि प्रकाशित गरिरहेको पाइएको छ । हरेक प्रकारका पाठकको रोजाइअनुसार नियमित रूपमा प्रकाशित भइरहेको 'अग्निचक्र'मा पछिल्ला अंकमा चलचित्र र रङ्गीन दुनियालाई अलि पर पारेको हो कि भन्ने महसुस भयो । हुन त सुरूसुरूका दिनहरूमा केही केही चलचित्र र मोडेलिङ्का खुराकहरू पढ्न पाइएको थियो तर पछिल्ला दिनहरूमा रङ्गीन दुनियालाई त्यति ध्यान नदिइएको हो कि अग्निचक्रले !! यसकारण रङ्गीन दुनियालाई विशेष ध्यान दिइयोस् हरेक अंकमा । अर्को कुरा व्यक्तित्व चर्चा स्तम्भ बनाएर विशेषतः मोडलिङ र चलचित्रका कलाकारलाई प्राथमिकता दिनहुन पनि अनुरोध गर्दछु । जय नेपाल । – **भीमनारायण उपाध्याय,** दैलेख, हाल– काठमाडौँ ।

वार्षिक ब्याजदर
१२%
मुद्दती खाता
छोटो अवधि अधिकतम प्रतिफल
१२ % (वार्षिक ब्याजदर)
१२० दिन (अवधि)
१ लाख (न्यूनतम मौज्दात)
नेपाल सरकारको समेत लगानी भएको
सिद्धार्थ डेभलपमेण्ट बैंक लिमिटेड
केन्द्रिय कार्यालयः
तीनकुने, काठमाण्डौं, नेपाल, पो.ब.नं. २१०९९
फोन नं. ०१-५१९९२३२, फ्याक्स नं. ०१-५१९९४७०
ई-मेल : info@sdblnepal.com

कल इण्डिया ...
मात्र रू.२.९० प्रतिमिनेट
साथै कतार, साउदी अरेबिया, यू.ए.ई., बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु. १२ प्रतिमिनेट ।
फोन गर्ने तरिका:
१४२४+कन्ट्रिकोड + फोन नं.
थप जानकारीका लागि :
नोटिसबोर्ड नं. १६१८ ०७०७ ११११ मा डायल गरी सुन्न सक्नुहुनेछ ।
उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।
नेपाल टेलिकम

नयाँ वर्ष २०७४ सालको उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।
नेपाल टेलिकम परिवार

# नेपाल राष्ट्र बैंकको अनुरोध

**रेमिट्यान्सको उपयोगमा सजगता अपनाऔं । विदेशको कमाइको एक हिस्सा नियमित रुपमा बचत गर्ने बानी गरौं । आफ्नो सीप र क्षमता अनुसारको व्यवसाय सुरु गरी रेमिट्यान्सको उत्पादनशील उपयोग गरौं । पैसाको खाँचो आजभन्दा भोलि धेरै पर्छ भन्ने सत्यलाई कहिल्यै नबिसौं ।**

**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नयाँ वर्ष २०७४ को उपलक्ष्यमा सुख, शान्ति र समृद्धि तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना ।**

## नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
## Nepal Reinsurance Co. Ltd.

थापाथली, काठमाडौं, नेपाल ।





*Presented By* **Dr. Y.B. Shrestha Malla**

# DISCRIMINATION

**Q: How to get this?**

A: By correcting your Mind & Intelligence. Discrimination is like your Eyes and Devotion like your legs. If you are blind, how can you see? Likewise if you are lame, how can you walk to Him?

LIVING **RIGHT LIFE** means all-round perfection. It means EVERYTHING must be carefully controlled and regulated so as to be most conducive to **RL** in all its beauty and completeness. How? By making our aim to know that something which can abolish all or troubles — physical, intellectual, mental and intuitional forever.

**Q: Seekers have tendency to go from one Teacher to another!**

A: Say there are 10 shops to buy rice. One is enough if it has one Realised Master. Keep your Goal constantly under your eyes. Anything that takes you nearer to your Goal accept. Discard others which take you away from it.

You should never mind, if sufferings come to you while living **RL.** Be strong. Be brave! There are other seekers like Pralhad; why not you?

**RL** is a real seclusion. Other seclusions are for weak and cowardly people.

Very lucky seekers have all conveniences in their old life without any effort because they had practiced Charities in their past lives. So practice them now!

Consider yourself smaller than smallest person.

**Q: Trying to know the past life etc. — are they worth it?**

A: They are nothing, it does not free you from anxieties, failures and fears. Our Intellect must do only Duty with dexterity. Our Mind should always be reasonable be (never speculative). Meditate with patience and perseverance. When you know the Object clearly, you will realize it with ease, whether it is God or anything else, of course within reason.

**Q: What are the causes of their delay in progress?**

A: This depends on the type of the seeker:

**A Satwik seeker** does not notice the obstructions he encounters on the road; he continues to move forward regardless of them.

**A Rajasic seeker** takes note of the obstacles, becomes baffled time and again here and there.

**A Tamasic seeker** is discouraged totally and stops from taking any further step.

Know that what is sweet in the beginning and bitter in the end is Tamasic but that which is bitter in the beginning and sweet in the end is Satwik.

Discrimination is today's meal & devotion is tomorrow's. Both are equally important. At present Discrimination may be more important.

Trying to correct Intelligence and Mind gives us Discrimination.

Discrimination gives us greatness

**Q: How?**

A: 1. Discrimination consists of KMA Complex — **Right Knowledge, Right Morality** and **Right Action.** When these three are in one and the same person, he becomes great! His social standing too becomes high.

2. If you can reject the Beautiful and follow the Just, you can control everything — the stars, moons, plants, animals and so on. They are all mind's creations, you know!

**Q; Why Discrimination is so important?**

A: Because it protects you. Till you get Realization, it is necessary.

Discrimination is just like Light, **RL** is like a book: if there is no light, how can you read the book? Similarly, if there is no discrimination, how can you live **RL**?

**Warning:**

1. If you neglect the first two Disciplines — Physical & Mental — and put too much pressure in Meditation, you may go mad!

2. People should not imitate others. For example, when he hears that heat cures heat and sees another man's house burning, he comes to his house and burns it for heat, is he not foolish? First find out why the other man burnt his house? Know the cause/circumstances behind it: use your Discrimination or take the advice of your Guide/Teacher and act; otherwise it may be dangerous.

To illustrate:

In **Mahabharata** there is a story of Soorya advising Karna: he said, "Charity (Daana) is meant to protect men (**Jeeva-Kalyan—life**). If your charity is spoiling your own good/ benefit/life, you should not do this. Karna did not listen to it — he was adamant. So was Guru Teg Bahadur who said, "Sar gaya sheer nahin gaya". As a result both had to die!

Discrimination is for defending life till you see God. After that Prarabdha.

Never forget: Discrimination gives you brilliance in whatever work you do.

So Discrimination and Devotion are both equally important; in certain occasions Devotion may be more important.


नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**रकम तथा विवरण दाखिला सम्बन्धी अत्यन्त जरुरी सूचना**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।
**अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५**

 – **दुर्गाप्रसाद आचार्य**



# कर्जा, ब्याजदर र अस्वस्थ प्रतिस्पर्धा

खुला सिमाना भएका कारण र सदियौँदेखि धार्मिक एवं सांस्कृतिक सम्बन्ध तथा रोटीबेटीको नाताले गर्दा नेपाल र भारतको सुमधुर सम्बन्ध युगौअघि देखि कायमै छ । नेपालमा राजनीतिक परिवर्तन हुँदा पनि नेपाली जनताको इच्छा र चाहनालाई अत्यन्तै नजिकबाट ख्याल गर्दै नेपाली जनताको परिवर्तनको चाहनालाई समर्थन गर्दै हरेकजसो परिवर्तनमा भारतले ठुल्दाजुको सहयोग सानो भाईलाई गरेको जस्तो महसुस नेपालीले गर्ने गरेका छन् । इतिहासका कुनै कुनै घटनामा चाहि भाईको उन्नतिका लागि दाईले दिएको सल्लाह नेपालमा राजनीति गर्ने गरेका अपरिपक्व राजनीतिज्ञ जो विभिन्न स्वार्थमा लिप्सा भएका हुन्छन् त्यस्ताले दाजुको सल्लाह नमान्दा सम्बन्धमा कहिकतै तुषारापात लाग्ने गरेको पाइन्छ ।




असल छिमेकीको सम्बन्धमा हामी नेपालीले हाम्रो देश सानो भएका कारण भारतलाई ठूल्दाजु मान्नु स्वाभाविकै हो । अंग्रेजले भारतमा शासन गर्दा पनि भारत-नेपाल सम्बन्ध युगौं अघिदेखिको रहेछ भन्ने कुरा बुझेपछि नेपाललाई अंग्रेजहरूले पनि भाई ठानेरै सम्बन्ध गाँसेका थिए । खास गरि राणा शासनको पतन पछि भारतीय राजदूत नेपाल सरकारको मन्त्रीपरिषद् वैठकमा बस्ने परम्परा समेत केही वर्षसम्म चलेको थियो । यसबाट के बुझिन्छ भने सम्बन्ध अत्यन्तै पुरानो र निकट रहेछ । ०४६ को राजनीतिक परिवर्तन पछिका सरकारमा बस्ने प्रधानमन्त्री र मन्त्रीहरूको अदुरदर्शिता एवं स्वार्थ केन्द्रित सत्ता लिप्साले गर्दा नेपाल-भारत सम्बन्धमा कहिलेकाही चिसोपना महसुस भइरहन्छ ।

अस्ती भर्खरै मात्र भारू सटहीको विषयमा भारतबाट नेपाल आएका भारतीय रिजर्ब बैंकको कार्यकारी निर्देशक सहितको टोलीलाई नेपाली पक्षले यथार्थताको समग्रता कुराहरू कुटनैतिक पाराले कन्भिन्स गर्न नसक्दा प्रतिव्यक्ति ४५ सय भारू मात्र साट्न दिने कुरा भारतीय पक्षले गरेको थियो । एकजना नेपालीले २५ हजारसम्म भारू बोक्न पाउने प्रावधान भारतकै आग्रहमा विगत समयदेखि विद्यमान रहेको कुरा नेपाली पक्षले भारतीय पक्षलाई बुझाउन सकेन । खुला सिमाना भएकाले गर्दा नेपालभन्दा झण्डै २३ गुणा ठुलो विशाल भारत भर छरिएर रहेको र लुकाइएको भनिएको कालो धन साट्न नेपाललाई दिइने सटही सुविधा दुरूपयोग नहोस् भन्न चाहेको भारतीय पक्षलाई हाम्रो नेपाली वार्ता टोली राष्ट्र बैंक पक्षले यथार्थता र विश्वासको वातावरण तयार गर्न सक्षम भएन । त्यसैकारणले गर्दा भारतीय पक्षले भारतीय नागरिकले पाएको सुविधा मात्र प्रतिव्यक्ति ४५ सय भारू साटि दिएको सुविधा बराबरकै मात्र सुविधा नेपालीलाई पनि प्रदान गर्छौं भन्यो टोलीले । विश्वसनीय र प्रभावकारी सटहीका लागि आफ्नो तयारी र विश्वास भारतीय पक्षलाई बुझाउन नसक्नु नेपाली पक्षको कमजोरी देखियो ।

भारतीय रिजर्ब बैंकको टोली फर्किसकेको छ र यो विषय कार्यपालिका तहबाटै सल्टाउनु पर्ने अवस्था आएको छ । हुन त नेपाली पक्षको कमजोरी यसअघि भएका कतिपय सम्झौताहरूमा पनि देखिएकै हो । जे होस् धेरै जसो सामाग्री सियो देखि गाडीसम्म भारतबाटै आयात गर्नु परिरहेकाले गर्दा भारतसँगको सम्बन्ध सधैं सुमधुर बनाइरहनु पर्छ, धमिलो पानीमा माछा मार्न खोज्ने स्वार्थी नेताहरूलाई यो कुरा चेतना भया । नेपाली बैंकरहरूको कमजोरीले गर्दा अहिलेको अवस्था निम्त्याएको हो । पोलिसी र रिस्क आंकलन गर्न नसक्ने बैंकरहरूले गर्दा समस्या आइरहेकै छ । अटोमोबाइल क्षेत्रका लागि जिरो प्रतिशत फाइनान्सको कुरा आइरहेको छ । बैंकको इन्ट्रेस रेट बाह्र प्रतिशत र अटोमोबाइलको चाहि नौ प्रतिशत हाराहारी भनिरहेका छन् । ३ महिनासम्म ब्याज तिर्नु नपर्ने पनि भन्दैछन् । कुरा बाझिएको देखिन्छ र जनता कन्फ्यूजनमा परिरहेका छन् । अटोमोबाइल उद्योग अब सचेत हुनु पर्ने भो ।

बैंकहरूले निम्त्याएको समस्याको भार अटोमोबाइल इण्डस्ट्रिजलाई सिधा परेको छ । बाह्र प्रतिशत र नौ प्रतिशत बिचको भार अन्तर अटोमोबाइललाई तिराउने नीतिले गर्दा अस्वस्थ प्रतिस्पर्धाको अवस्था सिर्जित भयो । जिरो प्रतिशत ब्याज दिँदैमा समस्या समाधान हुदैन । अटोमोबाइल क्षेत्रले बैंकहरूलाई ग्यापिङ अन्तर प्रतिशत ब्याज तिर्नु पर्ने भएपछि कस्टोमरले गाडी किन्दा पाइरहेको डिस्काउन्ट पनि कटौती गर्नुपर्ने बाध्यतामा अटोमोबाइल इन्डस्ट्रीजहरू छन् । लोनएवल फन्ट नहुनुको कारण समस्या आएको हो । जिरो प्रतिशत इन्ट्रेस्ट रेट ल्याउनु भनेकै अस्वस्थ प्रतिस्पर्धा गराउन खोजेको हो र यसको सिधा असर अटोमोबाइललाई परेको छ । अर्को कुरा मध्यमवर्गीय नेपालीले जागिरे जीवनबाट महिनावारी किस्ताद्वारा गाडी किनेर चढिरहेका थिए, अब अहिले फिप्टी प्रसेन्ट क्यास तिरेर किन्नुपर्ने अवस्था आएपछि गाडी किन्ने पारखीहरूलाई अप्ठेरो परेको छ, यसलाई बेलैमा बैंकहरूले सच्चाइ हाल्नु पर्छ, यस्तो नीतिले कसैको भलो गर्दैन ।

दश लाख माथिको कारोबार बैंक चेकमार्फत गर्नुपर्छ भनेकाले बैंकमा प्रशस्त रकम जनताले राख्ने कि नराख्ने, दोधार हुन्छ । अर्को कुरा गाडी किन्दा फिप्टी प्रसेन्ट रकम चाहि क्यास मार्फत पनि तिर्न सक्छन्, चेक नै चाहिन्छ भन्ने छैन, यसले कालोधन परिचालित हुने सम्भावना बढ्न सक्ने खतरा छ । यी विषयहरूमा सम्बन्धित सरोकारवालाको ध्यान जाओस् र तुरुन्तै सच्याओस् । अटोमोबाइल इन्डष्ट्रिज र बैंकहरू बिचको सम्बन्धमा चिसोपना नआओस्, ३ महिना नयाँ गाडी चढेर हिडिरहदा र त्यसको पेइमेन्ट नभईरहदा विजनेस रिस्कमा पर्ने सम्भावना पनि त्यतिकै छ त्यसकारण कर्जाको ब्याजदर, निक्षेप, अन्तरव्याज र कर्जाव्याजको उतार चढाव आदिको अहिलेको बेथिति बारे बेलैमा सचेत भई सच्याउनु जरूरी छ, यसबारे अर्थमन्त्रीको पनि ध्यान जाओस् ।। ००

# नव वर्ष २०७४ को

## ॥ हार्दिक मंगलमय शुभकामना ॥



**रामहरि दाहाल**
प्रमुख कार्यकारी अधिकृत
तथा

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७

सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५५२७५७९/५५२८१३६

*गरिबी न्यूनीकरणमा प्रत्यक्ष भूमिका खेल्दै आएको यस "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" मुलुकभरका ७५ वटै जिल्लामा शाखा विस्तार गर्ने अभियानमा तीव्र रूपले लागेको छ । – सीईओ दाहाल*

# नेपालीको मुहारमा हाँसो ल्याउनकै लागि नयाँ शक्ति पार्टी जन्मिएको हो

*बाग्लुङमा २०२० सालमा जन्मनु भएका देवेन्द्र पौडेल राजधानी काठमाडौंमा अध्ययनको शिलशीलामा आउनु भएको थियो । सोही समय देखि विद्यार्थी राजनीतिमा सक्रिय हुदै जादा जेल पनि पर्नु भयो । पञ्चायती व्यवस्थाका विरूद्ध संघर्ष गर्दै जनयुद्धमा होमिएर दश वर्ष सक्रिय भूमिका निभाएर विद्यार्थीको अध्यक्ष, विभिन्न ५ वटा व्युरोको इन्चार्ज र स्थायी समिति सदस्य भएर प्रचण्ड-बाबुरामको माओवादीमा काम गरेको अनुभव पौडेलको छ । बाबुराम भट्टराईका दाहिने हात देखिनु हुने पौडेल नयाँ शक्ति पार्टी नेपालको संगठन विभाग प्रमुख हुनुहुन्छ । "समृद्धि सम्भव छ हाम्रै पालामा" भन्ने बाबुरामको नयाँ शक्ति नेपालका नेता देवेन्द्र पौडेलसँग हालै काठमाडौं हात्तीगौडामा अग्निचक्रसँग जम्का भेट हुँदा गरेको संवादका सम्पादित अंश यहा प्रस्तुत गरिएको छ ।*


देवेन्द्र पौडेल

**तपाईंको पार्टीले आजभोलि के गर्दैछ नेताज्यू ?**

– हाम्रो नयाँ शक्ति पार्टी, नेपालले अब पार्टीको सम्पूर्ण शक्ति स्थानिय तह निर्वाचनमा केन्द्रित गर्ने निर्णय गरेको छ । 'नयाँ शक्तिको अर्जुनदृष्टि : नेपालको तिव्र विकास र समृद्धि' हो त्यसकारण देश हितमा नै हामी केन्द्रित छौं किनकी समृद्धि सम्भव छ हाम्रै पालामा । हाम्रो केन्द्रीय कार्यकारी समितिको बैठकले पार्टीको सम्पूर्ण शक्ति दलीय चुनाव चिन्हका लागि संघर्ष र निर्वाचनमा सहभागी हुन तयारीमा लगाउने निर्णय गर्दै स्थानीय तह निर्वाचनमा नयाँ शक्ति पार्टीको प्रतिबद्धता पत्र वैशाख १५ गते भित्र सार्वजनिक गर्ने निर्णय भएको छ । यसका साथै हाम्रो नयाँ शक्तिको विचार, सिद्धान्त र ५ 'स' को अवधारणामा सहमत हुने शक्तिहरूसँग कार्यगत एकता, निर्वाचनमा तालमेल तथा ध्रुवीकरणका लागि खुला रहने निर्णय समेत हाम्रो बैठकले गरेको छ । संविधान संशोधन गरेर असन्तुष्ट सबै दलहरूलाई समेट्ने गरी निर्वाचन हुनुपर्छ भन्ने हाम्रो प्रस्ट धारणा सार्वजनिक गरिसकेका छौं ।

**तपाईंहरूको चाहना के छ ? प्रचण्डजीहरूसँगै पुनः मिल्ने कुरा साँचो हो त ?**

– एकातिर स्थानीय तहको निर्वाचनको सम्पूर्ण वातावरण बनि सकेको र तयारी पनि अन्तिम चरणमा पुगेको सुनिएको छ भने फेरि अर्को तिर चुनाव दुई चरणमा गर्ने भन्ने कुरा पनि चर्चामा छ । हाम्रो भनाई के हो भने निर्वाचन दुई चरणमा गर्नु हुँदैन कि त्यही मिति ३१ गते नै हुनुपर्छ वा मिति सारेर भएपनि एकै दिन हिमाल, पहाड र तराई–मधेशमा चुनाव हुनुपर्छ भन्ने गरेका छौं । संविधान संशोधन गर्दै असन्तुष्ट सबै दललाई समेटेर निर्वाचन गर्ने र मुलुकको हितमा नै सबै शक्ति लागुन् भन्ने चाहना हो हाम्रो । प्रचण्ड सरकार समग्रतामा निरन्तरता कै सरकार हो । नेपाली जनताले यो सरकारबाट त्यति धेरै आनन्द प्राप्त गर्न सक्ने अवस्था देखिएन । जनताले नयाँ प्रगतिको महसुस गर्न पाएनन्, के भो त नयाँ प्रगती यो सरकारबाट ? प्रश्न खडा छ । म उता जाने या उताका साथीहरू यता आउने भन्ने कुरा प्रचार मात्र हो, सत्य होइन र म प्रचण्डजीको माओवादी केन्द्रमा जान्न । मुलुकलाई समृद्धितर्फ लम्काउन नै हाम्रो पार्टी नयाँ शक्ति जन्मिएको हुनाले प्रचण्ड जी सँग एकता हुन सक्दैन किनभने वहाँहरूसँग विचार नमिलेरै हामी अलग भएका हुनाले हामी हाम्रै बाटोमा छौं ।

**जनयुद्धका साथीहरूलाई कसरी सम्झनु हुन्छ ?**

– जनयुद्ध लडेका साथीहरूलाई हाम्रो ठुलो सम्मान छ । आफ्नो जीवनकालमा आन्दोलनमा सहभागी भएर नेपालमा राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको स्थापना, संघीयता र समावेशीताको प्रत्याभूति र पछिल्लो परिवर्तन, यी सबै उपलब्धि प्राप्त हुनुमा यसको जस भनेको जनयुद्धमा सहभागी हुने साथीहरूको त्याग, लगानी र मिहेनतकै कारणले भएको कुरा म गर्वका साथ भन्न चाहन्छु र वहाँहरूको उच्च मूल्यांकन इतिहासले पनि गर्नेछ । प्रचण्डजीहरूको कारणले राजनीतिक तरलता अस्थिरतामा व्यक्त भएको छ । प्रकृतिको अपार भण्डार भएको हाम्रो यो मुलुकमा राजनीतिक स्थिरता, स्थायी सरकार, इमान्दार नेता र गतिलो योजना र ठूलो ठूलो परियोजना मार्फत प्रसस्त रोजगारीका अवसर सिर्जना गरेर जलस्रोत र पर्यटनका माध्यमले नेपाललाई समृद्धि बनाउन सकिन्छ, यसैका लागि नयाँ शक्ति पार्टी नेपाल जन्मिएको हुनाले समृद्धि सम्भव छ हाम्रै पालामा भन्न चाहन्छु ।

**नेपालमा के भयो भने मुलुक र जनताको भविष्य उज्वल हुन्थ्यो होला ?**

– राजनीतिक स्थायित्व हुनुपर्छ, यो नहुदा सम्म मुलुक अघि बढ्न सक्दैन, दोस्रो कुरा रोजगार सिर्जना हुनुपर्छ, नेपाली युवा युवतीलाई नेपालमै आफ्नो भविष्य सुरक्षित हुने महसुस गराउन सक्नु पर्छ र तेस्रो शासन प्रणालीमा सुधार र आर्थिक समृद्धिका लागि सबै पक्षको इमान्दारिता अर्थात नेता, कार्यकर्ता–जनता अनि कर्मचारीतन्त्र सबै पक्ष इमान्दार हुनुपर्छ अनि मुलुकले काचुली फेर्छ । भोलिको नेपालको मुहार फेर्ने कै लागि नयाँ शक्ति पार्टी क्रियाशील छ अर्थात यो मुलुकको मुहार फेर्न र नेपालीलाई सुखी बनाउनकै लागि हाम्रो पार्टी जन्मिएको हो ।

**भारतको सहयोगमा नेपालमा राजसंस्था र हिन्दु राष्ट्र पुनः व्युतन सक्ने सम्भावना छ रे नि, हो त ?**

– मलाई त्यस्तो होला जस्तो लाग्दैन । धार्मिक स्वतन्त्रता र धर्म निरपेक्षता भन्ने दुईवटा शब्द प्रयोग भइसकेको छ । आस्था र विश्वासको कुरालाई स्वतन्त्रतामै रहन दिनुपर्छ, राज्यले बहुमत र अल्पमतको हिसाबमा धर्ममा विभेद गर्न हुँदैन । संविधानमा जारी भएको धर्मको व्याख्या नेपाल र नेपालीकै हितमा छ । मलाई यस्तै लाग्दछ । धन्यवाद । ००



# धनुष्टंकारविरूद्ध खोप तथा गर्भवतीको आहार

– डा. पदमराज पन्त

धनुष्टंकार रोग (Tetanus) बाट आमा तथा नवजात शिशुलाई रोकथामको लागि गर्भवतीले गर्भावस्थामा टेटानसको खोप लगाउनुपर्दछ । घरमा नै बच्चा पाउने र सालको नली निर्मलीकरण (Sterilization) नगरेको औजारले काट्ने हाम्रो देशका महिलाहरूको लगाएको भए त्यो बच्चा ५ वर्ष भन्दा मुनिको छ भने अर्को पल्ट एउटा मात्र खोप लगाउनुपर्दछ । यदि पाँच वर्षभन्दा बढीको भइसकेको अवस्थामा दुईवटा नै खोप लगाउनुपर्दछ । यदि पाँच वटा खोप लगाइसकेको भए पुनः खोप लगाइराख्नु पर्दैन । धनुष्टंकार माटो र गोबरबाट नै सर्ने बढाउन सके राम्रो हुन्छ । नधोएको सागपात, फलफूलहरू भने खान हुँदैन । गर्भावस्थामा अमलपित्त (Gastritis) जस्ता पेटका समस्याहरू बढ्ने समस्या भएकोले धेरै चिल्लो र पिरो पनि नखानु वेस हुन्छ । खाली पेट बस्नु हुँदैन ।

गर्भवस्थामा चुरोट, रक्सी र अनावश्यक औषधीहरूको प्रयोग गर्नु हुँदैन । गर्भावस्थामा प्रयोग गर्न नहुने वस्तुमा जथाभावी औषधीहरू हो । धेरैजसो औषधीहरूले गर्भावस्थाको बच्चालाई नकारात्मक असर पार्दछ । त्यसमा पनि सुरूको दुई महिना चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहबिना कुनै पनि औषधी सेवन गर्नु हुँदैन ।

अरू कुनै पनि समस्या परी चिकित्सककहाँ जाँदा आफू गर्भवती भएको कुरा स्पष्ट गर्नुपर्दछ । विशेषतः पहिलो दुई महिनामा प्रयोग गरेका औषधीहरू बच्चाको लागि खतरनाक सिद्ध हुन सक्दछन् ।





लागि यो खोप धनुष्टंकारबाट बच्न अति आवश्यक हुन्छ । टेटानस खोप लगाउने पनि विभिन्न स्वास्थ्य संस्थाहरूको आफ्नो नियमहरू हुन्छन् । धेरैजसो स्वास्थ्य संस्थाले गर्भावस्थामा दुईवटा टेटानस खोप लगाउने गर्दछन् । कतै पाँचवटा पनि लगाइन्छ ।

गर्भावस्थाका लागि दुईवटा मात्र खोप लगाउँदा पुग्दछ । यो खोप एक एक महिनाको फरकमा लगाइन्छ । हुन त खोप एक–एक महिनाको फरकमा जहिले लगाए पनि हुन्छ । पहिलो तीन महिनामा सबैभन्दा बढी गर्भपतन हुने भएकोले संयोगवश टेटानस खोप लगाएपछि गर्भपतन भएमा टेटानस खोपले गर्दा गर्भपतन भएको भन्ने सोचाइ नहोस् भनी पहिलो तीन महिना खोप नलगाउने चलन पनि धेरै स्वास्थ्य संस्थामा छ ।

यदि पहिलेको गर्भावस्थामा दुईवटा खोप भएकोले नाभिनलीमा गोबर लगाउने, कुटो, हँसिया बाँध्ने चलनले झन् धनुष्टंकारलाई निम्त्याउने भएकोले यस्ता चलनहरू बन्द गर्नुपर्दछ ।

**गर्भावस्थामा कस्तो आहार खाने ?**

स्वस्थ आमा र स्वस्थ बच्चाको चाहना पूरा गर्न गर्भवतीलाई पौष्टिक आहारको आवश्यकता पर्दछ । मांसहारी गर्भवर्तहरूले आर्थिक अवस्थाले भ्याउने भए नियमित माछा, मासु, अण्डा, दूध खान सके राम्रो हुन्छ । आइरन, क्याल्सियम किन्न र स्वास्थ्य संस्थासम्म जान समेत पैसा नभएका गर्भवतीहरूलाइ माछा, मासु खान सल्लाह दिन पनि अप्ठ्यारो हुन्छ । यस्तो स्थितिमा माछा–मासु नै खानुपर्छ भन्ने छैन । घरमा भएको गेडागुडीको मात्रा खानामा बढाउनुपर्दछ । सागपातहरू समयअनुसार उपलब्ध भएका फलफूलहरू खानुपर्दछ । घरमा गाईभैंसी पालेकाहरूले दूध दहीको मात्रा खानामा

**रक्सी तथा रक्सीजसन्य पदार्थहरू**

रक्सी तथा रक्सीजन्य पदार्थहरूले पेटमा बढिराखेको बच्चामा नराम्रो असर पर्छ भन्ने कुरा प्रमाणित भइसकेको छ । थोरै मात्रामा सेवा गरिने रक्सी तथा रक्सीजन्य पदार्थहरूले पनि गर्भको बच्चालाई नराम्रो असर पार्न सक्दछ ।

**चुरोट तथा सूर्तीजन्य पदार्थहरू**

चुरोट, तमाखु प्रयोग गर्ने र सेवन गर्ने मानिसको सँगै बस्नु पनि हानिकारक हुन्छ । धुम्रपान गर्ने गर्भवतीका बच्चाहरू साना हुन्छन् । राम्ररी बढ्दैनन् र नवजात शिशुहरू पनि धुम्रपान गर्ने महिलाको बढी मर्ने मर्दछन् । गर्भवतीले गर्भावस्थामा गरेको धुम्रपानको असर पछि बच्चाको मानसिक स्थितिमा पनि पर्न सक्दछ ।

*(डा. पन्त त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज तथा ग्रान्डी हस्पिटल, टोखामा सेवारत हुनुहुन्छ ।)* ००

# रिलिज हुँदै

## संगीतका विद्वान्

## *कमल मान सिंहको*

# पर्खाइको पीडा २



*संगीत भनेको लय-ताल-वाद्यवादनका साथ मिलाएर गाइएको गीत हो भन्नु हुने रचनाकार, संगीतकार तथा गायक कमल मान सिंह ०३६ सालमा काठमाडौंमा जन्मिनु भएको हो । अग्निचक्र मासिकले न्यूरोड काठमाडौंमा भेट गर्दा गानाबजाना, गायन विद्या, संगीत शास्त्र, सहगान र समूहगीत भनेकै संगीत हो भन्ने कुरा कमल मान सिंहले बताउनु भयो । नेपाली कलाकारहरू माझ संगीतको ज्ञाता अर्थात सङ्गीतज्ञको रूपमा चिरपरिचित हुन सफल कमल मान सिंहले अग्निचक्रले सोधेको एकमुष्ठ प्रश्नहरूको जवाफ यसरी दिनु भएको थियो :*

सुर र लय मिलाएर गाइने वाक्य वा पद वा छन्द वा कविता, गाना, गायन अर्थात गान भनेकै गीत हो भने गीत रचना गर्ने व्यक्ति, गीत रचयिता, गाना बनाउने वा लेख्ने मान्छेलाई गीतकार भन्ने गरिन्छ । म यो सबै हुँ है अर्थात गीतकार, संगीतकार र गायककार । संगीत विद्याको पुस्तक, संगीतको विवेचना गरिएको संगीतशास्त्रको साथमा वा सम्पर्कमा रहेर नेपाली संगीतको उत्थानमा अगाडी बढ्ने आफ्नो संकल्प अनुसार नै म सन् १९९६ मा पहिलो गीत रेकर्ड गरेर म्यूजिकमा सन् २००० बाट लगातार रूपमा आजसम्म सक्रिय हुदै आएको छु ।

साथीभाईसँग बच्चा छँदैदेखि मैले गीत गुनगुनाउने गर्थे । मेरो पहिलो गीत सुसेलीले बोलाउ कि ... हो भने म्यूजिक भिडियो बनेको गीत चाहिँ 'पर्खाइको पीडा' हो । अब म यसै महिना भित्रैमा पर्खाइको पीडा-२ लिएर आउदै छु । नयाँ वर्षको शुभकामना दिदै यो गीत रिलिज गर्न लागेको हुँ । कलेक्सन एल्बमको सफलता पछि सोलो एल्बम निकाल्ने मेरो शौख थियो र त्यो पनि पुरा गरेरै छाडें । अल इन वान सन् २००० मा रिलिज भएको मेरो कलेक्सन एल्बम हो भने वेष्ट अफ अस-२००१, पपमाण्डु-२००२ लगायतका रिलिज गरेको थिएँ ।

यसरी मैले अगाडी बढ्ने क्रममा सोलो एल्बम ६९ः सन् २००२, 'फ्यु वर्डस् बाइ उपासना : २००४' पनि रिलिज गरें, यसमा उपासना राज्यलक्ष्मी सिंहको शब्द, मेरो संगीत र म लगायत अन्य ९ जना गायक गायिकाको स्वर रहेको छ । सोलो एल्बम लुक्स : २००४, स्टाम्प कलेक्सन एल्बम : २००६ रिलिज पछि इलुजन्स : २००७ रिलिज गरियो, यसमा उपासना जी को शब्द र मेरो संगीतमा म लगायत अरू ७ जना गायकहरू मिलेर गाएका थियौं । त्यसरी नै मेरो शब्द-संगीतमा स्मिता घिमिरेको स्वर रहेको बाह्रवटा गीत समावेश गरिएको एल्बम स्मी : २०१३ रिलिज भएको थियो । सन् २०१५ मा सबर एल्बम आयो, यसमा पनि मेरो शब्द-संगीतमा स्मृती पोखेलको स्वर रहेको छ ।

यो बिचमा ९ वटा जति गीत गाएको थिएँ सिंगल-सिंगल । आफूले पनि गाएँ र अरूलाई पनि गाउन दिएँ । यस्तो गर्दा शब्द र संगीत मेरै हुने गर्थ्यो । तत्कालीन राजा **ज्ञानेन्द्र शाह अर्थात जी शाह**को रचनामा मेरो संगीत अनि गायिका ज्योति श्रेष्ठको स्वरमा एउटा पप गीत रिलिज भएको थियो - **'मारेर पनि मेरो माया कहिल्यै मर्दैन.....** । यो पप गीत **गायिका ज्योति श्रेष्ठ**, पूर्वमन्त्री सिनेट श्रेष्ठ ज्यूको धर्मपत्नी हुनुहुन्छ ।

पर्खाइको पीडा-२ मैले मेरो फ्यानहरूको आग्रहमा र मेरो इच्छाले रिलिज गर्न लागेको हुँ । आम नेपाली नागरिकले नेपाली गीत, संगीत र नेपाली चलचित्रलाई माया गरि दिनुस् भन्न चाहन्छु । राज्यले पनि गायक-कलाकार-संगीतकार-स्रष्टाहरूको उचित मूल्यांकन गरोस् र नेपालीपन-नेपाली संस्कृतिलाई संरक्षण गरोस् भन्न चाहन्छु । रचनाकार, संगीतकार र गायकहरूले बाध्य भएर बाच्नको लागि अन्य पेशा समात्नु नपरोस्-यस तर्फ राज्यको ध्यान जाओस् ।

नेपाललाई अत्यन्तै माया गर्ने भएकाले मेरा दाजुभाई अमेरिका-अष्ट्रेलियामा भएर पनि म चाहि नेपालमै बसेको छु किनकी आइलभ माई नेपाल । नेपाली खाना र नेपाली पर्यटकीय स्थल घुम्न मन पराउने एक अध्यात्मिक संगीतज्ञाता भएरै म नेपालमा बसिरहेको छु । नेपाल राष्ट्र र नेपाली भूमि मेरा लागि स्वर्गभन्दा पनि प्यारो लाग्छ । धन्यवाद 'अग्निचक्र' ।००



निबन्ध / साहित्य — **विनयकुमार शर्मा नेपाल**

# नारी र पुरुष

नारी ठूलो कि पुरुष ठूलो ? नारी सुन्दर कि पुरुष सुन्दर ? नारी महत्त्वपूर्ण कि पुरुष महत्त्वपूर्ण ? प्रश्न जति गम्भीर छ पुरुषका लागि नारीका लागि पनि त्यति नै गम्भीर छ ।

शब्दकोशीय परिभाषामा नारी शब्दको अर्थ महिला, आइमाई, पोथीजात, स्वास्नी मान्छे । स्वास्नी, जोई । माता भनेको भेटिन्छ भने माता भित्र पसेर हेर्दा आमा, जननी, धरती, भूमि, देवी भन्ने पाइन्छ । सबै पुरुष पिता नबने जस्तै सबै नारी आमा नहुन सक्छन् तर सबै माता भने नारी वा महिला अवश्य नै हुन्छन् । सिङ्गै नारीलाई जननी, भूमि, प्रकृति वा शक्तिभित्र परिभाषित गर्ने हो भने उसले उत्पादन गर्नैपर्छ अर्थात् सन्तान नजन्माएको वा नजन्माएसम्म ऊ मात्र नारी हो आमा वा प्रकृति वा धरती होइन ।

सन्तान र उत्पादनले नारीलाई धरती, जननी, भूमि वा प्रकृतिसँग जोडेको छ । बिहे नगरेकी, पुरुषसँग सहवासमा नजोडिएकी वा जोडिएर पनि, सहवास गरे पनि जबसम्म नारी सन्तान जन्माउँदिन अपूर्ण हुन्छे वा ठानिन्छे । प्रकृति, जननी, भूमि बराबर ठानेर उत्पादनको आधारलाई मापदण्ड बनाई समाजले नारीलाई देवीको दर्जा दिएको छ भने उतातिर बिहे नगरेकी कुमारी नारीलाई पार्वती, चण्डिका, दुर्गाको रूपमा सम्मान पनि गरिएको छ । बिहे गरेर पनि सन्तान जन्माउन नसकेका वा नसक्ने नारीलाई भने समाजले अलिफरक परिभाषा पनि गरेको छ । जन्मदै लाटो हुनु वा अन्धो बन्नुमा कर्ता वा भोक्ता मान्छेको दोष नरहे पनि अप्रत्यक्ष मान्छे नै दोषी ठहराइने चलन पनि छँदै छ ।

पुरुषको परिभाषा भित्र पुरुष एक्लो पनि प्रकृतिभन्दा भिन्न वा अर्को अपरिगामी कर्ता भनेर लिइएको छ । भाले, लोग्ने मान्छे, विष्णु, जीव, आत्मा, ईश्वर, सूक्ष्म शरीर, प्राणीको ओज वा शक्तिको रूपमा

परिभाषित पुरुषलाई लाक्षणिक रूपमा वीर वा आँटी भनेर भनिएको पाइन्छ ।

यस्ता परिभाषाको आधारमा पुरुष नारीजस्तो उत्पादनशील हुनैपर्छ भन्ने देखिन्न बरु हुन्छ नै भन्ने भावना राखेको पाइन्छ । नारीको लागि पुरुष सुन्दर र पुरुषका लागि नारी सुन्दर, यो संसारको रीत हो । त्यसैले पुरुष र नारीको शक्ति रूपी वीर्य (XY) र रज (XX) लाई प्रकृतिले बराबर जान्दछ, कतै भेदभाव छैन ।

यस सृष्टि, धरती वा प्रकृतिमा गुण र सङ्ख्यामा उस्तै र समान उपस्थित रहेका नारी र पुरुष दुवैलाई प्रकृतिले उत्पादनका हिसाबले पनि हक, अधिकार र दायित्व बराबरै दिएको छ । न पुरुष एक्लैले उत्पादन गर्न सक्छ न त नारी एक्लैले उत्पादन गर्न सक्छे । यदि पुरुषको



परिभाषा भित्र 'जीव, आत्मा, सूक्ष्म शरीर र प्राणीको ओज' अट्छ भने नारी भित्र किन अट्न सकेन ? के नारी प्राणी वा जीव होइन ? के नारीभित्र आत्मतत्त्व हुन्न ? त के नारी आत्माविना बाँचिरहेकी छे ? कि उसमा दया, माया, कल्याण, करुणा, वेदना, संवेदना वा आवेग र उद्वेग हुन्न ? शरीर र मस्तिष्कलाई क्रियाशील पार्ने अतिन्द्रीय अर्थात् अभौतिक शक्ति नारीमा हुन्न ? हुन्न भन्ने हो भने नारीको भौतिक शरीर कसरी क्रियाशील रहे ? नारीमा अन्तस्करणको बोध छैन भनेर कसले भन्न सक्छ ? मन, चित्त र त्यसको भाव नारीमा आउन्न भन्न सक्ने को छ यो संसारमा ? चैतन्य शक्ति हरेक मानवमा जन्मजात हुन्छ त्यसलाई अभ्यास र प्रयोगद्वारा निकाल्ने कुरा सीमित मान्छेको बशमा हुन्छ । को नारी को पुरुष ? बेला बेला दुवैले दिएका छन् यसको प्रमाण । पुरुषमा सूक्ष्म शरीर देख्नेले नारीमा सूक्ष्म शरीर किन देखेन ? के नारीमा पुरुषको जस्तै मानवीय ओज नरहेके हो त ? यो प्रकृतिमा नारीको अस्तित्व र उपस्थिति के हो ?

सार, मन, बुद्धि, ब्रह्म, सूर्य, अग्नि, वायु, धर्म, विवेक, पुत्र भनेर गरिएको आत्माको व्याख्याभित्र पुरुषको परिभाषा भित्रको एउटै आत्मा शब्दले सम्पूर्णता दिएको छ, तर यहाँ नेर अलमलमा पर्छु म । माता बनिसकेपछि देवी, भूमि, जननी भनिने शब्दले जुन व्यापकता ओगट्छ त्यो व्यापकता भित्र मन, सार बुद्धि, ब्रह्म, सूर्य, अग्नि, वायु, धर्म, विवेक अट्छ कि अट्दैन ?

वास्तवमै के नारीमा मन छैन ? उसमा बुद्धि छैन ? उसको अन्तस्करणमा बोध हुन्न ? उसमा तेज छैन ? प्राण छैन ? सृष्टि संरचनामा बराबर भागिदार रहेका नारी र पुरुषको परिभाषामा किन भिन्नता ? कसैलाई चित्त बुझे बुझोस् नबुझे नबुझोस् मलाई यो पटक्कै चित्त बुझेको छैन । भालेको पोथी, लोग्ने मान्छेको स्वास्नी मान्छे, विष्णुको पार्वती, ईश्वरको देवी भनी सकेपछि यो पुरुषको परिभाषा भित्र परेको जीव र आत्मा भन्ने शब्द वा त्यसको सार नारीको परिभाषामा किन अटाएनन् हाम्रा अग्रजले ? कतै यसैको रिस वा रोष त होइन आजका नारीले पुरुषवादी सत्ता भनेर पुरुषको सत्तोसराप गरिरहेका ? नारी जीव होइन वा उसमा आत्मा छैन भन्ने कुरा जसले जसरी भने पनि माने पनि म भने मान्न सक्दिनँ भलै तपाईं मलाई यो त आइमाईको भक्त रहेछ भन्नुहोस् वा जोइटिङ्ग्रे नै ।

नारीले परिभाषा गर्नु परे आँटी वा वीर शब्दको स्त्री लिङ्गी शब्दमा के लाक्षणिक अर्थ गर्लान् आफ्नो शब्दको कुन्नि ! हुन त एउटी नारीलाई जति सम्मान र आदर पुरुषबाट मिलिरहेको छ वा पाइरहेकी छ के उसले त्यति नै सम्मान वा आदर एउटी अर्की नारीबाट मिलिरहेको वा पाइरहेकी छ ? यो प्रश्नको उत्तर झनै जटिल छ । एउटी नारीलाई ससूराले भन्दा सासूले, देवरले भन्दा देउरानीले, जेठाजूले भन्दा जेठानीले, बाबुले भन्दा आमाले, दाजुभाइले भन्दा दिदीबहिनीले कम सताउने गरेका छन् के ? म त नारी पुरुषबाट भन्दा नारीबाटै पीडित र अपहेलित भएको धेरै देख्दछु तपाईं नि ? ससूराको कार्यको पछाडि सासुको र देवरको कार्यको पछाडि देवरानीको हात हुनु भनेको 'घुमिफिरी उही रुम्जाटारको बाटो' भने झैं न हो ?

नारी औसतमा पुरुषकोभन्दा नारीकै डाह, इर्ष्या किन गर्दछे ? आमा होस् वा बहिनी वा दिदी, नारी नारीको उत्थान, विकास र उन्नति किन देख्न सक्दिन वा चाहन्न ? किन उसलाई आफ्नै वर्गको खिसी टिउरी गर्नु परेको होला ? एउटा पुरुषले जसरी समाजमा अर्को पुरुषको आदर र सम्मान गर्दछ त्यसरी एउटी नारी अर्को नारीको सम्मान किन गर्न सक्दिन ? यो आत्मलोचनाको पाठ नसिके वा नबुझेसम्म नारीको नारी माथिको इर्ष्या, कुण्ठा, घमण्ड र भावना बदलिन सक्दैन । नारी पुरुषजस्तो आत्मकेन्द्रित भएर अगाडि बढ्न किन चाहन्न ? ऊ किन बह्य रूप, सौन्दर्य, प्रसाधन र फेसनमा मात्र अलमलिइरहन्छे ? किन परिवार र मित्रको सानो वृत्तमा मात्र घुमिरहन्छे । पुरुषले जस्तो आफ्नो वृत्त फराकिलो पार्न ऊ किन सक्दिन ? आफूलाई शक्तिवान् र हिम्मतवाल ठानेर आफैमा आत्मनिर्भर भएर किन बाँच्न चाहन्न वा सक्दिन ? ऊ किन म त स्वास्नीमान्छे भनेर बल र बुद्धिको परीक्षामा पछाडि हट्दछे ? एउटी शिक्षित, पेशा वा वृत्तिमा लागेकी नारी पनि किन अशिक्षित र बेरोजगार लोग्ने वा पुरुषका सामू निरिह बन्दछे वा जिन्दगीभर आत्मनिर्भर हुने मार्ग छाडेर परनिर्भरताको मार्ग समात्छे ? तपाईंले धेरै जान्ने, सुन्ने, पढे, लेखेको नारी समेत परनिर्भर बनेर, चुपचाप घर बसेर असक्षम लोग्नेकै भरमा जीवनयापन गरिरहेको देख्नुभएको छैन के ? किन अयोग्य, अशिक्षित, निर्धन नै भए पनि पुरुषले विधि व्यवहार र कमाइ गरेर घर व्यवहारको खाँचो पूरा गर्न सकेको र शिक्षित, धनी, योग्य भएर पनि नारीले गर्न नसकेका होलान् ? समस्या कानून, समाज वा पुरुष हुँदै होइन । समस्या त मात्र नारीको आँट, हिम्मत, मनोभाव, घमण्ड, कुण्ठा, विचारको सङ्कुचित पन हो । तपाईंलाई जे लागोस् तर म जान्दछु । नारीको मूल समस्या नै समाज वा अरूको आँखामा हेरेर तिनको लागि फेसन वा सुखको खोजीमा अलमलिएर बाँच्नु हो र ऊ एउटै वृत्तमा सँधै रहेर सुख र आनन्द साथ रमाउन खोज्दछे, तर पुरुष विस्तारमा लागिरहन्छ ऊ जतिसुकै कष्ट र दुःख सहेरै पनि आफैमा आत्मनिर्भर हुने प्रयास गरिरहन्छ र मान्छे र समाजको आँखाको पर्वाह नगरी कुदिरहन्छ । पुरुष एउटा वृत्तबाट अर्को त्योभन्दा ठूलो वृत्तको निर्माणमा सधैं जुटिरहन्छ । यही फरक हो नारी पुरुष बीचको खाडल मेरो विचारमा । कुनै नारी आफ्नो सीमित वृत्तबाट निस्कन चाहेको म पटक्कै देख्दिनँ । फैलाव र विस्तारले सायद उसलाई तर्साउँछ । मैले १०-२० नारीलाई हिम्मत, ऊर्जा, साधन, स्रोत उसको मानसिक, सामाजिक, आर्थिक, व्यावहारिक स्तर उकास्न साथ दिएर हेरेको छु र सबैका सबै समाज र मान्छेका आँखा अनि बाह्य सौन्दर्यमा उनीहरू नराम्ररी जाकिएको देखेको छु ।

पुरुषलाई सारा संसारको चासो छ । लादेनदेखि ओबामासम्मको उसलाई जानकारी चाहिएको छ । विज्ञानदेखि ज्ञानसम्म, तन्त्रदेखि मन्त्रसम्म, खगोलदेखि भूगोलसम्म, इतिहासदेखि वर्तमानसम्म, भूतदेखि भविष्यसम्मका ब्रह्माण्डका सबै तत्त्व र विषयको ऊ खोजी गर्न चाहन्छ, तर नारी आफ्नो घर परिवार र सानो वृत्तमा मात्र रमाउन चाहन्छे यो कुरा यो देशमा मात्र सीमित होइन । सभ्य, धनी र समान व्यवहार भएका भनिएका जुनसुकै समाज वा देशमा समेत देखिएको छ । उसको यो दायरा कसले सङ्कुचित बनायो ? यसमा पुरुषको भूमिका छ वा खुद नारीको ? जबसम्म मन र आत्माबाटै हिम्मत, जोश र जाँगर चलाएर नारी आफै जाग्रत हुन्नन् तबसम्म कसैले उसलाई जाग्रत गर्न वा पार्न सक्दैन । समाजकै कुरो गर्ने हो भने जति पुरुषले हरेक क्षेत्रमा नारीको साथ र सम्मान दिएको छ के नारीले नारीलाई वा नारीले पुरुषलाई दिएकी छ ?

के यी पुरुषवादी सत्ता भयो भनेर गाली गर्ने पुरुषको उछित्तो काटेर नथाक्ने महिलाले आफ्नो घरमा छोरा र छोरीमा भेद गरेका छैनन् ? दुवैलाई समान माया र बराबर काम गराएका छन् ? म त्यस्तो पटक्कै देख्दिनँ । बाहिर नारा उचाल्नेहरू भित्रभित्र तानाशाह प्रवृत्तिबाट हाबी भएको पाउँछु म । आफ्नै घरबाट सुधार आरम्भ गर्नु नि ! सस्तो नारा उचालेर चर्चामा कति दिन आइएला र ? नारी र पुरुषमा भेद देख्ने पुरुष छैनन् म भन्दिनँ तर धेरै प्रतिशत नारी नै हुन् भन्ने कुरा पनि पटक्कै भुल्न सक्दिनँ ।

ती महिलालाई पुरुष सत्ताको विरोधमा कुरा गर्न तिनकै बाबु, काका, दाजु, भाइ, पति आदिले साथ वा छुट दिएका वा उचालेका छैनन् के ? तिनको कुरालाई तिनैको भनाइका पुरुषवादी सत्ता, पत्रपत्रिका, सञ्चारले प्रकाशित गरेको छैन के । म त ठीक उल्टो पो देख्दछु । हरेक क्षेत्रमा हरेक पुरुषले पुरुषलाई भन्दा नारीलाई साथ दिएको, नारीकै कुरा सुनेको, तिनकै प्रचारप्रसार गरेको पो देख्दछु । कतै यो मेरो मनोरोग त हैन ? म अलमल्लमा छु । के यसको उत्तर नारीसँग छ ? एउटी नारीलाई हरेक कुरामा एउटा पुरुष ससूरा, बाबु वा पति आदिले जति साथ दिएको छ त्यति साथ के उसको सासू, आमा वा बहिनी आदिले दिएकी छे ? बाधा मात्र नारीको आफ्नै मनोभाव, कुण्ठा, घमण्ड, हीनताबोधको हो । प्राचीन समयमै पनि अहिल्या, सीता, मन्दोदरी, राधा, मीरा, द्रौपदी, भृकुटि आदिलाई के पुरुषले साथ दिएका थिएनन् र ? जति तिनलाई पुरुषले साथ दिए के त्यति साथ कुनै नारीले दिए त ? कि तिनका इतिहास पुरुषले लुकाए ? इतिहासको हरेक कालखण्डमा हिम्मतसाथ पुरुषले जस्तै बाह्य वस्तु र भाव वा कुरो रूप, सौन्दर्य आदि र डाह, इर्ष्या, कुण्ठा, घमण्ड, हीनताबोध फालेर, समाजको कुरो र हेराईमा कान थुनेर, आँखा चिम्लेर सङ्घर्षसाथ यो संसारको मैदानमा अगाडि आए ती नारीहरूले विभिन्न विषयमा विश्वमै नेतृत्व गरेको र तिनलाई पुरुषले नै साथ दिएको इतिहास साक्षी छ । नारीहरू आत्मकेन्द्री अर्थात् बोध र होसको बाटोमा जबसम्म परे, एक्लै हिंड्ने प्रयास, आँट र हिम्मत गर्दैनन् तबसम्म ऊ जाग्रत हुन कठिन छ । किनकि बोध र होस नै जागरणको द्वार हो ।

स्वार्थविना मान्छेले मान्छेलाई वा कसैले कसैलाई केही गर्दैन । यो सृष्टिमा आफ्नो लागि आफैले केही गर्न नसक्नेलाई अर्कोले कुनै हालतमा साथ दिन सक्दैन वा चाहँदैन । आफ्नो लागि आफैले एक पाइला अगाडि सार्नै पर्छ । जसले एक पाइला सार्ने हिम्मत गर्दछ उसलाई अर्को पाइला सार्न साथ दिनेको कमी भएको पनि देखिँदैन । विकल्प अनगिन्ती हुन्छन् अनगिन्ती छन् र विकल्पको कहिल्यै अन्त हुँदैन । त्यसैले अब हिम्मत गर्ने हो कि त ?

बितेका मनु र भानुको नारीसम्बन्धी कुरो उठाएर आज तिनलाई गाली गर्नु मूर्खता मात्र हो मेरो विचारमा । तिनले त्यो व्यवस्था, परिस्थिति, परिवेश वा काल ल्याएका हुन् र ? तिनले त समाजमा चलेका कुरा न राखिदिएका हुन् ? ती व्यवस्थाका निर्माणकर्ता त होइनन् नि ! प्रत्येक कुराको प्रत्यक्ष अप्रत्यक्ष नाफा घाटा हुन्छन् नै । आज त्यो कालका कथा तिनले नलेखिदिएका भए यी नारीलाई जागरणको हावा नै कहाँ मिल्थ्यो र ? पाँच छ हजार वर्ष पहिलेको मनुस्मृतिलाई त्यस समयको परिस्थिति, परिवेश नहेरी सत्तोसराप गरेर के काम ? ०४७ साले संविधान जस्तै हो त्यो मेरो विचारमा तपाईंको नि ? समय सापेक्ष नभएर फलिएको वा छाडिएको नियम, कानून, विधि, विधानलाई हेरेर किन टाउको दुखाउनु बेर्थैमा । त्यो त्यस कालको साक्ष्य इतिहास मात्र हो आजका मान्छेका मत होइन ।

नारीको सम्मान नारीले गर्नु नारीको पहिलो कर्तव्य हुनुपर्छ । नारीले नारीलाई सताउने, प्रतारणा दिने काम बन्द गर्नु सर्वप्रथम

नारीले नै गर्नुपर्छ, पुरुष त नारीका पुच्छर नहुन् ? एउटी नारीले अर्की नारीलाई भेट्नासाथ त्यसले के र कस्तो लगाई, के र कति पर्ने लगाई आदि सामान्य बाह्य फेसनको होड छाड्नुपर्छ । लुगा होस् वा जुत्ता, लिपस्टिक होस् वा गहना आफ्नो शरीर सुहाउँदो, हिँड्न, बस्न, कुद्न सजिलो हुने लगाउनुपर्छ देखाउनाका लागि गरिने काम कुरा त्याग्नुपर्छ । शृङ्गार र सरसफाइ आफ्नो लागि हुनुपर्छ न कि देखाउनाका लागि । प्रत्येक नारीले जुनसुकै नारीलाई आफू समान ठान्ने, तिनको विकास र उन्नतिका लागि सोच्ने आदि सरसल्लाह दिने गर्नुपर्छ । अब नारीले बाह्य होड छाडेर बौद्धिक, ज्ञानप्रद, होसजनक, बोधत्वको मार्ग पहिल्याउनुपर्छ । प्रत्येक नारीले अर्को नारीसँग लवाई खवाईका कुरा छाडेर कला, संस्कृति, साहित्य, दर्शन, ज्ञान, विज्ञान, होस र बोधका कुरामा बुद्धि र विवेक जगाएर छलफल गर्ने, तर्कबितर्क गर्ने, वादविवाद गर्ने बानी बसाल्नुपर्छ ।

चिन्तन, मनन र विवादले मान्छेलाई सम्बन्धित विषयमा अध्ययनशील, विचारशील बनाउँदै लग्छ र त्यस विषयका बारेमा पोख्त पार्छ । संवादले विवाद भित्र्याउँछ र विवादले तर्कबितर्क तेर्साउँछ । मानोवाद पनि एक किसिमको विवाद नै मान्छु म । मनमा सम्बन्धित विषयको पक्ष र विपक्ष बनेर जति तर्क र बितर्क खेल्छ त्यति नै मान्छेमा ज्ञानको चेत, होस र बोध घुस्दै जान्छ । विवादलाई मन नपराउने वा नराम्रो मान्ने वा झगडा ठान्ने मान्छेलाई चेतनाको क्षेत्रमा शून्य भन्छु म । आफूले आफैलाई शून्य पार्न चाहनेलाई तपाई के भन्नुहुन्छ म जान्दिनँ । विवादले नै हामीलाई चिन्तनको लागि मार्ग प्रशस्त गराउँछ । कसैले तपाईंलाई नराम्रो भन्दैमा रिसाउनु पर्ने कारण हुन्न । कसैले तपाईंको दुर्गुण देखाउँदैमा त्यो सत्य भन्ने पनि हुन्न र देखाएपछि तपाई कुन कारण त्यो हुनुहुन्छ वा हुनुहुन्न तर्क, प्रमाणसहित उभिन सक्नुभयो भने निश्चित नै तपाई होस र बोधको मार्गमा अगाडि बढ्नु हुनेछ त्यो नारी होस् वा पुरुष ।

कसैले देखाएको दुगुर्णमा तपाई सोचनशील बनेर यदि छ भने त्यसलाई हटाउन सक्नुहुन्छ । त्यो मान्छे वास्तवमै धन्यवादको पात्र हो जसले तपाईंको दुर्गुण देखाएर तपाईंलाई उठाउन चाहन्छ । आजका मान्छेलाई आफूतिरै हेर्ने समय छैन, ज्ञान छैन । यस्तो अवस्थामा कोही यदि मन र आत्माबाट तपाईंप्रति आस्था, विश्वास, सम्मान राख्छ भने त्यो तपाईंले आफ्नो भाग्य नै ठाने हुन्छ किनकि तपाईंले नै तपाईंको लागि कति धन, समय, बुद्धि, विवेक र मन खर्च गर्न सक्नुभएको छ ?

एउटा पुरुषले अर्को पुरुषलाई भेट्दा प्रायः उसको ध्यान बाह्यसौन्दर्य, रूप, लवाइ आदिमा किन जाँदैन ? के लगायो, कस्तो लगायो, कति पर्ने लगायो, किन लगायो वा लगाएन भन्ने कुरामा किन टाउको दुखाउँदैन ? प्रायः पुरुषहरूको भेट विषयप्रतिको, समस्याप्रतिको छलफल, सत्सङ्ग, तर्कबितर्क, वादविवादमै बित्दछ । काम, कर्तव्य, ज्ञान, बुद्धि, विवेक र अध्ययनकै कुरामा वा होस र बोधकै कुरामा बित्दछ । नारी किन यसो गर्न सक्दिन ? नारीहरू किन मान्छेको बाह्य रूप र सौन्दर्यभन्दा भित्र पसेर मन र आत्मामा केन्द्रित रहन चाहँदैनन् ? वाधा नारी हो कि पुरुष हो ? वाधा देश हो कि समाज हो ? जबसम्म यो कुरा नारीले नै बुझ्न सक्दिन ऊ ज्ञानविज्ञान वा होस र बोधको मार्गमा जाग्रत हुन सक्दिन । नारीवादको खोक्रो नारा, आरक्षणको सीमित बन्धनमा बाँधिएर ऊ चेतनाको धरातलमा कुनै हालतमा जाग्रत हुन सक्दिन । संसारका यावत विद्वान्, ध्यानी, ज्ञानी, सन्त, महात्मा, विचारक, दार्शनिक, वैज्ञानिक, गणितज्ञ, खगोलज्ञ आदि किन पुरुष नै भएका होलान् ? हजारमा एक पाइन मुस्किल छ नारीको उपस्थिति । मलाई लाग्दैन यसको कारण देश, समाज वा पुरुष हुन् । यसको कारण नारी र मात्र नारीकै स्वभाव हो किनकि जो एक दुई नारी यस्तो ज्ञानको मार्गमा देखिए के तिनका सामू देश, समाज र पुरुष थिएनन् र ? वाधा र बाध्यता थिएन र ? के अब पनि बेला भएन र ? नारीले बाह्य ऊहापोह छाडेर चिन्तन र मननको मार्गभित्र घुस्ने वा समात्ने ? अरूलाई वा अरूले के भन्छ भन्ने होड कहिले छाड्ने नारीले ? नारी प्रकृति, नारी जननी, नारी दयामायाको खानी, नारी यो, नारी त्यो भनेर जति नै शब्दले व्याख्या र भावनाले पूजा गरे पनि, नारा पिटे पनि त्यसको कुनै अर्थ छैन किनभने शब्दले समेत अर्थ खोज्दछ र अर्थले कार्य वा कर्म खोज्दछ अर्थात् नारीले शब्दले बोलेजस्तै वा नारा उचालेजस्तै कर्म गरेर देखाउन सक्नुपर्दछ ।


वास्तवमा रिस, डाह, इर्ष्या, कुण्ठा, घमण्ड, हीनता नै होस, बोध, ज्ञान, बुद्धिको मार्गका अवरोध हुन् । कसैले कसैका लागि अवरोध पन्छाइ दिँदैन, आफैले आफ्नो लागि पन्छाउन सक्नुपर्दछ । अवरोध पन्छाएर हुने, भएका र गरिने काम कुरामा स्वभाविक बन्न नारीलाई मात्र होइन पुरुषलाई समेतलाई जरुरी छ ।

आशाको मुक्ति नै पीडाको मुक्ति हो । मनलाई मनाउन नसक्ने बाधक तपाई आफै हो । मन नै सबै मार्गको औषधी हो । मनले मान्नोस् सुखैसुख, नमान्नोस् दुखैदुख । संसारमा गरेका, भएका र हुने कुरालाई स्वभाविक ठान्ने वा मान्ने मान्छे कुनै हालतमा दुःखी र पीडित हुन सक्दैन । जीवनमा आएका घटनालाई स्वभाविक ठान्ने मान्छेमा रिस, डाह, कुण्ठा, घमण्ड, हीनताको भाव स्वतः विलाएर जान्छ र आए पनि केही बेरमै अन्तरात्मा जाग्दछ र पुनः स्वभाविकतामा आएर सरल र सहज बन्दछ । त्यसैले वास्तविक ज्ञानी, विद्वान्हरू जति रिस र झोक उठे पनि तत्काल त्यसलाई त्यागेर पुनः स्वभाविकतामा फर्कन सक्ने हुन्छन् ।

प्रकृतिले नारी र पुरुषलाई रज र वीर्यबाट एकाकार गरिदिएको छ । यसलाई जसले जति बुता लगाए पनि परिवर्तन गर्न सक्दैन । सृष्टिको संरचना बचाउन प्रत्येक जीव र वनस्पति समेत इमान्दार भएर लागेका देखिन्छन् । न एक्लो पुरुष सृष्टि गर्न सक्दछ न त एक्लो नारी । न त यी दुवैको साथ सहयोगविना समाज चल्दछ ।

रोमन अङ्क अनुसार X दश र Y नौ हो । विज्ञानको तत्त्वको अनुसार नारी XX बीश र पुरुष XY उन्डाइस हो । पूर्णलाई १००% प्रतिशत वा पराकाष्ठा ठान्ने हो भने पूर्णमा खास जोश, इच्छा, भावना आदिको कमी हुन्छ नै अर्थात् पूर्णलाई कुनै कुरोको आवश्यकता रहँदैन वा पूर्णले आवश्यक ठान्दैन । यदि यसरी बीसलाई पूर्णता मान्ने हो भने नारी पूर्ण छे त्यसैले उसमा पुरुष जस्तो कुतुहलता, जागरण, के गरौं कसो गरौं आदिको भाव पुरुषमा जति आउन्न । पुरुषमा जुन १. को कमी छ त्यसैले गर्दा पुरुष संसारका यावत कुरा खोज्न र जान्न चाहन्छ । दिनरात ऊ नवीनताको खोजीमा भौंतारिरहन्छ । सायद त्यही १. को कमीले उसलाई बाह्य शृङ्गार भन्दा भित्री अन्तरात्माको चासो छ अर्थात् पुरुष बाह्य शृङ्गारमा अलमलिन चाहँदैन । यसरी हेर्दा यो पनि सत्य हो कि सृष्टिको पूर्णता ३९ वा ४० मान्नुपर्ने हुन्छ र त्यो नारी पुरुषको एकाकारमा मात्र सम्भव छ । अब तपाई नै भन्नोस् ! हामी नारी पुरुषका बीचको एकाकारमा वर्गीयताको होड चलाएर किन सृष्टि संरचनाको विरोध गर्दछौं वा गरिरहेछौं ? ००

**नव वर्ष- २०७४ को शुभ उपलक्ष्यमा हाम्रा शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**सन्तोष बस्नेत**
अध्यक्ष
मो.नं. ९८५११६४३४४, ९८१८६१९५०७

दर्ता नं. ९६१/०६७/०६८

# अवसर म्यानपावर सर्भिसेस प्रा. लि.

घर नं. १६१६, वंशीधर मार्ग
चण्डोल, चप्पल कारखाना चोक
पो.ब.नं. ११३८१, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-४४२२८८१, ४४२२९८४, ४४२३२७८

फ्याक्सः +९७७-१-४४२२०८७
ईमेलः avsar_manpower@hotmail.com
वेवसाईटः www.avsarmanpower.com

**Santosh Basnet**
CEO

**S.V. CONSULTANCY**
*Lic. No. 26323/060/061*

उदयपुरको सुन्दरपुर-५ को म सन्तोष बस्नेत ०७० को चुनावमा प्रत्यक्ष सभासदको उम्मेदवार भएको थिएँ । तरूण दलको सुन्दरपुर अध्यक्ष हुँदै उदयपुर जिल्लामा कन्स्ट्रक्सन कम्पनी तथा ईंटाभट्टा कारखाना सञ्चालन गर्दै युवा उद्यमी तथा राजनीतिक नेताको पगरी भिर्दै म हाल इमान्दार वैदेशिक रोजगार व्यवसायी भएर राजनीति र व्यवसायलाई सँगसँगै हिँडाइरहेछु ।

**नव वर्ष- २०७४ को शुभ उपलक्ष्यमा हाम्रा सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**प्रेमसागर पौडेल**

अध्यक्ष



# नेपाल–चीन पारस्परिक सहयोग समाज परिवार

**नव वर्ष २०७४ को** सुखद् उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक **मङ्गलमय शुभकामना** ।।



**गंगा तिम्सिना**

*महाप्रबन्धक*

एवं

# दुग्ध विकास संस्थान परिवार



**नव वर्ष- २०७४ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**प्रकाशराज शर्मा**

**प्रमुख कार्यकारी अधिकृत**

**तथा**

Laxmi Laghubitta Bittiya Sanstha Ltd.

लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, मिलीजुलीमार्ग महाराजगञ्ज, काठमाण्डौ, नेपाल । फोनः ४०१६२०९, २३८, १९१ ईमेलः info@laxmilaghu.com.np

**नव वर्ष- २०७४ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक सदस्य, शुभचिन्तक तथा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**विनोद आचार्य**

**प्रमुख कार्यकारी अधिकृत**

**तथा**

आरम्भ माइक्रो फाइनान्स वित्तीय संस्था लि.

**आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड परिवार**

*केन्द्रीय कार्यालय : पुलबजार, बनेपा, काभ्रे, नेपाल*

# एन.बी. इन्सुरेन्स र सिटिजन बैंक बीच सम्झौता



हालै एनबी इन्सुरेन्स कम्पनी लिमिटेड र सिटिजन बैंक इन्टरनेशनल लिमिटेड बिच बैंक एसुरेन्स सेवा सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा एनबी इन्सुरेन्स कम्पनी लिटिमेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र सिटिजन बैंक इन्टरनेशनल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत राजन सिंह भण्डारीले हस्ताक्षर गर्नुभयो । यस सम्झौता पश्चात बैंकका ग्राहक महानुभावहरूले नेपालभर रहेका सिटिजन बैंकका शाखाहरू मार्फत एनबी इन्सुरेन्सले प्रदान गर्ने सबै प्रकारका बीमा सेवाहरू प्राप्त गर्न सक्नुहुनेछ । सोही अवसरमा एनबी इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले बैंकसंगको सम्झौताबाट कम्पनीलाई अझै आफ्नो सेवालाई सरल, सहज र चुस्त राख्न प्रेरणा मिलेको बताउनु भयो । बैंकका सबै ग्राहक महानुभावहरूले आफूले बैकिङ सेवा लिईरहनु भएको बैंकको शाखा मार्फत आफूलाई आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा प्राप्त गर्नसक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आह्वान गर्नुभयो ।

उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले कम्पनीले चालु आ.ब.२०७३।०७४ को तेश्रो त्रैमाससम्ममा करिब रू.५०करोड बीमा प्रिमियम संकलन गर्न सक्षम भएको र भविष्यमा बैंकको सहकार्यमा अझै बीमा योजना तथा सेवा विस्तार गर्ने जानकारी दिनुभयो । सोही अवसरमा श्रेष्ठले बैंक तथा वित्तीय संस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, उद्योगी तथा व्यापारी लगायत सम्पूर्ण ग्राहक महानुभावहरूसंग सुमधुर सम्बन्ध स्थापित गरी व्यवसाय विस्तार गर्दै बीमा क्षेत्रमा उच्चकोटीको सेवा प्रदान गर्न व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी दिनुभयो । कार्यक्रममा कम्पनी सचिव तथा सहायक महाप्रबन्धक शरण रेग्मी पनि उपस्थित हुनुहुन्थ्यो ।


**नयाँ वर्ष २०७४ को शुभउपलक्ष्यमा देश–विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मङ्गलमय शुभकामना ॥**

www.nibl.com.np

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
*Truly a Nepali Bank*

# अग्निचक्र मासिकसँग आर्थिक कुटनीतिविज्ञ

# मुकुन्द शर्मा काफ्ले



***तपाईंको बारेमा जीवनी-परिचय दिनुहोस् न विकासप्रेमी काफ्ल्ज्यू ।***

- मेरो नाम मुकुन्द शर्मा काफ्ले हो । म एक देशभक्त, राष्ट्रवादी, विकास प्रेमी, व्यक्तित्व हुँ । साथै एक आर्थिक कूटनिति विज्ञ पनि भन्छन् मलाई । नेपाली, अँग्रेजी, हिन्दी, उर्दु ,चाइनीज र जापानीज भाषामा ज्ञान प्राप्त गरेको छु । मेरो जन्म ३० आश्वीन २००५ सालमा वाल्टिङ गाविस, काभ्रेपलान्चोक जिल्ला, नेपालमा भएको हो । म यसो भन्न रूचाउँछुः Proper/Efficient Management for Overall/Balanced Development of Nepal. म इन्टरनेसनल डेभलपमेन्ट सेन्टर नेपालको अध्यक्ष हुँ ।

मैले हासिल गरेको शिक्षालाई यसरी भन्न चाहन्छु- काभ्रेपलान्चोकको वाल्टिङ् पंचकन्या स्कुलमा कक्षा ५ सम्म, बनारसबाट I.Sc (1963), चीनको साँघाइको थोग्ची विश्वविद्यालय Civil Engineering 3rd year सम्म (1964-66) । चीनमा Cultural Revolution शुरू भएपछि नेपाल फर्केको 1966 Oct मा), japan को Tokyo Institute of Technology (TIT) बाट B.E 1974, M.E. मा 1976, जापानको Tokyo University बाट Engineering Economy and Hydropower Engineering मा Specialization, America को California को Work To Future बाट Management Course Training (2006).

मेरो अनुभवको विवरण बताउनुपर्दा यस्तो प्रकारले भन्न चाहन्छुः International Development Center Nepal (IDCN) मा नेपालको आर्थिक विकास योजनाको अध्ययन 1989 देखि अहिले सम्म, Visiting Professor /Research Scholar America मा California को San Jose State University मा Silicon Valley Center for Global Innovation And Immigration (SVCGII), विशेष गरी Nepali Diaspora & UN Security Council आदिको अध्ययन 2007-2011 सम्म, Economic Consular , Royal Nepalese Embassy, Tokyo (1997-98), जापानको Nippon Koei Co, Ltd मा Consulting Engineer. (1976-1989), कुलेखानी १-२-३ को काम, मेलम्ची खानेपानी योजनाको काम, सिन्धुली राजमार्गको काम, नेपालको जलस्रोतको गुरूयोजना Master Plan, पर्यटन र उद्योगको गुरूयोजना, आदि ।

***नेपाल समृद्ध बनाउने तपाईंका सूत्रहरू अग्निचक्र मासिक मार्फत प्रस्ट पारिदिनुहुन्छ कि ?***

- नेपाल प्रकृतिको देन (Gift of Nature) को देश हो । नेपाल धनी छ, समृद्ध छ । व्यवस्थापन Management /System मात्र सुधार गर्नुपर्छ । निशुल्क शिक्षा कक्षा १२ सम्म गर्नैपर्छ ।

रोजगारी सिर्जना मूलक शिक्षामा जोड दिनुपर्छ जस्तो कि, Information Technology Hydro Power, Tourism Management को शिक्षालाई Priority दिनुपर्छ । राष्ट्रिय स्वभिमानमूलक शिक्षा र राजनीतिक स्थिरता अपरिहार्य छ । एउटा सरकारलाई कम्तिमा ४-५ वर्ष चलाउन दिनै पर्छ । सानो संसद १०१ सदस्य मात्रै, राजनीतिक पार्टी ३-४ वटा मात्रै, सानो सरकार ९-११ मन्त्रालय मात्रै, संसारमा सबै मित्रराष्ट्रसंग प्रभावकारी कूटनीति राजनीतिक भन्दा आर्थिक कूटनीतिमा जोड दिने । जनशक्तिलाई देशभित्रै रोजगारीमा आकर्षण गराउन ठुला ठुला योजना, Information Technology को आधारमा Mobile Phone/Laptop आदिको Assembly गराउने र Microsoft Samsung, Apple, Sony संग सम्वन्ध गर्ने । कर्णाली, चीसापानी, पञ्चेश्वर, अरूण ३ आदि ठुला योजनाहरूलाई भारत, चीन भन्दा पनि Neutral Country, America/Japan संग Economic Diplomacy गरेर Foreign Direct Investment (FDI) मार्फत (Build Operate Transfer /Build Operate Own And Transfer Boot) बाट निमाण गर्ने, Fast Track Road नेपाली सेनाको Initiative मा गरेपनि America/Japanese कम्पनीलाई गर्न दिने गरी अगाडी बढाउने । सबै ठुला शहरमा Airport आधुनिक बनाउने । तराई क्षेत्रमा सिचाईको व्यवस्था गरेर कृषिमा जोड दिने ।

***जलस्रोत र पर्यटन क्षेत्रबाट नेपालको प्रगति गर्न सकिन्छ भन्नेहरू धेरै छन्, तपाईंलाई के लाग्छ ?***

- नेपाल जलस्रोतको धनी देश हो । ८३ हजार मेगावाट विजुली उत्पादन गर्न सकिन्छ । एक सय मेगावाट भन्दा ठुला योजना नेपाल सरकारको अग्रसरतामा FDI मार्फत BOT/BOOT बाट निर्माण गर्ने । यस्ता योजना कार्यालयमा हाम्रो हात माथि राखेर राम्रो संग co-ordinate गर्ने । त्यस्तै गरेर पर्यटनका योजनालाई यसरी भन्न चाहन्छुः अन्तर्राष्ट्रिय एयरपोर्टको सुधार र आधुनिकीकरण काठमाडौं, पोखरा, विराटनगर, लुम्बिनी, जस्ता ठुला शहरमा एयरपोर्ट सुधार र आधुनिकीकरण, नदी नालालाई दुषित पार्न बाट रोक्ने र धेरै Area समेटेर Recreation Park बनाउने । हिमाल, पहाडको सौन्दर्यतालाई सुधार गर्ने । ठमेल नगरकोट, नाम्चे, गोकर्ण, सुन्दरीजल, रारा आदि ठाँउलाई पर्यटकीय क्षेत्रमा विकास गर्ने । झरना, नदी, नाला, आदि वरिपरि Recreation Park बनाउने । मन्दिरको वरिपरी गाडी लग्नबाट रोक लगाउने । काठमाडौं शहरमा Metro Railway को निर्माण गर्ने ।

***नेपालको पछिल्लो राजनीतिक गतिविधि देख्दा तपाईंलाई कस्तो लागेको छ ? नेपालको भविष्य कस्तो होला ?***

- अहिलेसम्मको राजनीतिक गतिविधिलाई छोडीदिऊँ, नेपालको भविष्य उज्यालो छ । गणतन्त्रका नेपालले गरेको उपलब्धिलाई विचार गरेर अब ५-१०-२० वर्ष को भविष्यलाई हेरेर राजनीति सुधार गर्नुपर्ने खाँचो छ । राष्ट्रिय स्वाभिमान वढाउन सबै सांसदहरूलाई

**चीन र भारतका आ-आफ्नै स्वार्थ छन् । कसैलाई पानीको चासो छ भने कसैलाई सुरक्षा खतरा । गणतन्त्र आएपछि मित्रराष्ट्रहरूले ज्यादा हस्तक्षेप गरे । नेपालमा संघीयता फाप्दैन जस्तो देखिँदैछ ।**



राष्ट्रियताको शिक्षा दिने, हामी सबै नेपालीहौँ, एकै जाति हौँ, भन्ने शिक्षा दिने, जातीय पार्टी खारेज गर्नेपर्छ, राष्ट्रिय स्वार्थको काममा सबैले ध्यान दिनु पर्छ । परराष्ट्र मन्त्रालयको भूमिका प्रभावकारी हुनुपर्छ र नेपालको असंलग्न परराष्ट्र नीति (Non-aligned Foreign Policy) लाई नै जोड दिने हो भने पक्कै राम्रो हुनेछ ।

***नेपाली राजनीतिक नेताहरूको चरित्रले गर्दा नै विदेशीले यहाँ खेल्न पाएका रे, हो त ? कसरी ?***

– सबै राजनीतिक पार्टीका नेता Professional व्यक्तिहरू बुद्धिजीवीहरू सबै मिलेर, एकजुट भएर, आफ्नो हात माथी राखेर, मिलेर काम गर्नुपर्छ र यसो गरेमा सबै मित्र राष्ट्रहरूले पनि सम्मान गर्नेछन् । मलाई यस्तै लाग्दछ ।

**चीन र भारत नेपालका कस्ता मित्र हुन् र यिनीहरूले नेपालसँग के चाहेका होलान् ?**

भारतसँग खुला सीमा छ । उत्तरमा चीनको तिव्वत छ । नेपाल स्वतन्त्र राष्ट्र हो र स्वतन्त्र नै रहेकोमा चीन र भारतलाई फाइदा छ । नेपाल राम्रो समृद्ध भएर स्वतन्त्र राष्ट्र नै रहेकोमा दुवै देश चीन र भारतले पनि र अरू मित्र राष्ट्रले पनि सम्मान गर्ने छन् । भारतलाई पानीको चासो छ र चीनलाई तिब्बत विरोधी गतिविधि नहोस् भन्ने चासो छ । हामीले झुकेर होइन, डटेर तटस्थ कूटनीति (Non–aligned Diplomacy) अपनाउनुपर्छ । सबै मित्र राष्ट्रले नेपाललाई गर्दै आएका सहयोगलाई निरन्तरता दिनेछन् ।

***अमेरिका, जापान र युरोप लगायतका देशहरूको भ्रमण-अनुभवबाट तपाईंले के सिक्नुभयो र के जान्नुभयो ? तपाईंको अनुभवबाट मातृभूमि नेपाललाई के योगदान दिन सक्नुहुन्छ र कसरी ?***

– देश र जनताको सुरक्षा, हक-हितको लागि काम गरेको अनुभव पाएँ । विशेष गरी शिक्षा स्वास्थ्य, रोजगारीमा सरकारले प्राथमिकता दिएको पाएँ । नेपाल समृद्ध बनाउने नेपालीले नै हो भन्ने सिकैँ र यसैमा हामीले जोड दिने छौँ । विदेशी मित्र राष्ट्रहरूसँग मीठो कुटनीति गर्ने मात्रै हो । मैले अवसर पाएँ भने फेरि पनि मुलुकको सेवा गरेर देखाउने छु ।

***तपाईंको नजरमा प्रचण्ड, देउवा, ओली, कमल थापा र मधेशवादी नेता कस्ता प्रवृत्तिका हुन् त ?***

– प्रचण्डजी, बाबुरामजीहरूलगायतका माओवादीले नेपालमा बाटो-घाटोलगायत केही सुधार त ल्याएकै हो, यो सह्रानीय छ । अर्कोतिर छाडा भएको र कानुनी मान्यता नभएको पनि हो । कमल थापाजी देशभक्त हुन् तर 'बायस' भएको पनि देखियो । देउवाजीले सर्वोच्चको निर्णय पनि अवहेलना गरेको देखियो । अहिले आएर ओलीजीले जनताको हक-हितको कुरा उठाउनुभएको छ । जस्तो- घरघरमा ग्यास, पानी आदि सह्रानीय छन् । मधेशवादी दललाई नेपालको भविष्यबारे त्यत्ति चासो नभएको जस्तो देखिन्छ ।

***राजतन्त्र हुँदा र अहिले गणतन्त्र हुँदाको नेपालको तुलना गरिदिनुहोस् न ! के फरक पाउनुभयो ?***

– राजालाई देशको माया थियो र राष्ट्रियता बलियो थियो । त्यसकारण राजसंस्थालाई जनमतसंग्रह गरेर निर्णय गर्नुपर्ने खाँचो महसुस हुँदैछ । गणतन्त्र आए पनि छिमेकीले बढी हस्तक्षेप गरेको देखिएको छ । त्यसलाई हामी सबै नेपाली दाजुभाइ, दिदीबहिनी मिलेर, एकजुट भएर राष्ट्रको हित र नेपालीको स्वाभिमान 'प्रोटेक्सन' गर्नुपर्दछ ।

***कस-कसले कस्तो-कस्तो भूमिका खेले नेपाल शान्तिभूमि र धनी मुलुक बन्न सक्ला ?***

– राजनीतिक नेताहरू र अन्य प्रोफेसनल्सहरू मिलेर एक जुट भएर टिमवर्क गरेर जनताको हक हितमा काम गरेमा आगामी ५ वर्ष भित्र नेपाल धनी देश हुनेछ र प्रतिव्यक्ति आय तीन हजार डलर हुनेछ । देश शान्तिपूर्ण छ । नेपाली जनता शान्तिप्रिय र मेहनती छन् । राम्रो व्यवस्थापन गरेर नियम, कानून पालना गरेर काम गरेमा नेपालको भविष्य उज्यालो छ ।

***तपाईंले भन्न चाहेका बाँकी कुराहरू केही छन् कि ?***

– संविधान निर्माण र संशोधनमा समय खेर पार्नु पर्ने छैन । २०४७ को संविधानलाई राजतन्त्र आदिवारे संशोधन गर्दै कार्यान्वयन गर्नु नै उचित होला । सीमाङ्कन, पुनर्संरचना आदिबारे १४ अंचल, ७५ जिल्ला, ५ विकास क्षेत्र नै उपयुक्त छ । संघीयता नेपालमा हुनै सक्दैन । हामी विशाल नेपालको अवधारणा अनुसार सुन्दर, शान्त, विशाल, नेपालको निर्माणमा सबै अग्रसर हुनेछौँ । हाम्रा छिमेकी मित्र राष्ट्र र अरू सबै मित्र राष्ट्रले पनि यही प्रगति हेर्न पर्खिरहेका छन् र हामीलाई सम्मान गर्नेछन् । अन्तर्वार्ताका लागि अग्निचक्र मासिकलाई धन्यवाद दिँदै नव वर्ष २०७४ को उपलक्ष्यमा समस्त नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद । मातृभूमिको जय होस् । ००

**नयाँ वर्ष २०७४ को शुभउपलक्ष्यमा देश–विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।**

एन. बी. इन्सुरेन्स कम्पनी लि.
NB INSURANCE COMPANY LTD.
TOGETHER WE WILL RISE AGAIN

नारायणचौर, नक्साल, काठमाडौँ । फोन : ०१-४४११५१०

# वर्ष पुस्तक नेपाली साहित्यको कोशेढुङ्गा हो




*साहित्य संवर्द्धन केन्द्रका संस्थापक महासचिव विनयकुमार शर्मा नेपालको परिकल्पना अनुसार नेपाल भित्रका सबै भाषा-साहित्य सेवीहरूको जमघट गरी वैशाख १ गते साहित्य दिवस मनाउने । साहित्यको प्रत्येक विधाको स्रष्टा र ग्रन्थको रेकर्ड राखेर वर्ष साहित्य पुस्तक निकाल्ने । राष्ट्रिय स्तरको पुस्तकालय खोल्ने । भाषा-साहित्यका विभिन्न विधाहरू समेटेर पुरस्कार र सम्मानको थालनी गर्ने । साहित्यिक व्यक्तित्वहरूका विवरण खुल्ने अनुसन्धान कक्षहरूको निमार्ण गर्ने आदि उद्देश्य बोकेर २०६९ साल वैशाख ६ गते सत्यमोहन जोशीज्यूको सभापतित्वमा, पूर्व प्रधानमन्त्री माधव नेपालको प्रमुख आतिथ्य र राष्ट्रकवि माधव घिमिरेको विशिष्ट आतिथ्यमा, उपन्यासकार मदनमणि दीक्षित, कोषकार वसन्तकुमार शर्म्मा नेपाल, कवि कृष्णप्रसाद पराजुली, कमलमणि दीक्षित, सुश्री भद्रकुमारी घले, प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. चूडामणि बन्धु, आनन्ददेव भट्ट, नित्यराज पाण्डे, भानुभक्त पोखरेल लगायतका लगभग ४०० व्यक्तित्वहरूको अनुमोदनमा स्थापित साहित्य संवर्द्धन केन्द्र, नेपालको दर्ता विधिवत् रूपमा २०७१ सालमा भएको हो । लक्ष्य अनुसार यसले प्रत्येक वर्षको वैशाख १ गते साहित्य दिवस मनाउने क्रममा साहित्य वर्ष पुस्तकको विमोचन र पुरस्कार वितरण २०७० साल वैशाखबाट नै गरिसकेको छ । प्रा. राजेन्द्र सुवेदी-अध्यक्ष, विनयकुमार शर्मा नेपाल-महासचिव, भुवनहरि सिग्देल-कोषाध्यक्ष, दुर्गाप्रसाद नेपाल-सचिव, बुनू लामिछाने तथा डा. विश्वदीप अधिकारी-सदस्यका रूपमा संस्थापक रहेको यस संस्थाले २०७४ वैशाख १ गते साहित्य वर्ष पुस्तक २०७२ (दोस्रो शृङ्खला) को विमोचन गर्दै निम्न पुरस्कार समेत प्रदान गर्दै आएको छ ।*

**१. साहित्य संवर्द्धन द्रष्टा सम्मान २०७०**

नेपाली साहित्यको अभिवृद्धिका लागि विधागत विकास अपरिहार्य छ भन्ने खाँचो र साहित्यमा स्रष्टा जतिकै महत्त्व द्रष्टाको पनि छ भन्ने विचारले यो पुरस्कारको स्थापना निबन्धकार, कोषकार विनयकुमार शर्मा नेपालद्वारा २०७० स्थापना गरिएको हो । 'साहित्य संवर्द्धन द्रष्टा सम्मान-२०७० बाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि १०,०००/- रहेको छ । २०७० प्रा. डा. केशवप्रसाद उपाध्याय । २०७१ प्रा. शिवगोपाल रिसाल । २०७२ प्रा. मोहनराज शर्मा । २०७३ प्रा. ठाकुर पराजुली ।

**२. हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार २०४५**

१९८० साल जेठ ६ गते शनिवार पिता टीकाराम अधिकारी तथा माता यादवलक्ष्मीको साहिँलो छोराको रूपमा काठमाडौंको टेबहालमा जन्मिनुभएका हरिहर अधिकारी शास्त्रीले नेपाली साहित्यमा २०१३ देखि २०३४ पुस २४ गते निधन नहुन्जेल निरन्तर निबन्ध, व्याकरण, उपन्यास, कथा, गीत, कविता, खण्डकाव्य, महाकाव्य लेखनमा सक्रिय रहनुभयो । सन् १९४७ मा काशीबाट साहित्यमा शास्त्री बन्नुभएको उहाँ विसं. २००३ नेपाली भाषा प्रकाशिनी समिति र पछि जीवनपर्यन्त दरबार हाईस्कूल हाल भानु माध्यमिक विद्यालयमा शिक्षा दान गर्नुभयो । हरिहर शास्त्री (१९८०-२०३४) तथा उहाँकी धर्मपत्नी श्रीमती सावित्री देवी (१९९०-२०४४) को नाउँमा उहाँहरूका कान्छा छोरा-बुहारी डा. विश्वदीप अधिकारी र श्रीमती ज्योति अधिकारीले २०४५ सालमा 'हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार २०४५' स्थापना गर्नुभएको हो । यस पुरस्कारबाट आजसम्म २९ जना पुरस्कृत भइसक्नुभएको छ । साहित्य संवर्द्धन केन्द्रले २०७० सालबाट यस पुरस्कारको जिम्मा पाएको छ । 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार २०४५' बाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि २३,०००/- रहेको छ । २०७० प्रा. डा. वासुदेव त्रिपाठी । २०७१ प्रा. कृष्ण गौतम । २०७२ कुन्ता शर्मा । २०७३ पुण्य खरेल ।

**३. विश्वज्योति सेवा सम्मान २०७१**

डा. विश्वदीप अधिकारी र श्रीमती ज्योति अधिकारीले २०७१ साल माघमा मूल धनसहित स्थापना गरेको यो सम्मान समाज सेवा, साहित्य सेवा लगायत विभिन्न माध्यमबाट देश सेवा गर्ने व्यक्ति वा संस्थालाई साहित्य संवर्द्धन केन्द्रले प्रत्येक साल वैशाख १ गते साहित्य दिवसको दिन अर्पण गर्ने गर्दछ ।

'विश्वज्योति सेवा सम्मान' बाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि ११,०००/- रहेको छ । २०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं । २०७२ श्री सत्य उद्यान, ललितपुर । २०७३ शान्तादास मानन्धर ।

**४. राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार २०७२**

**श्री राधिका सुवेदी -** मेची अञ्चल, ताप्लेजुङ जिल्लाको सिनाम गाउँमा स्व. श्री इन्द्रप्रसाद अधिकारी र स्व. श्री मनमाया अधिकारीकी जेठी छोरीका रूपमा वि.सं. १९७९ सालको साउन १९ गतेका दिन जन्म भई राधिकाको १२ वर्षको उमेरमा १९९१ सालमा पाँचथर जिल्लाको आजको अमरपुर गाउँ निवासी श्री अनन्तनारायण सुवेदीका छोरा पदमप्रसाद सुवेदीसँग विवाह भई चार छोराकी आमाका रूपमा रही कुशल गृहस्थ जीवन जीवन यापन गरी ९० वर्षको उमेरमा २०६८ सालको भाद्र ४ गते श्री कृष्णष्टमीका दिन दिवंगत हुनुभएको थियो । तत्कालीन वातावरणमा घरैमा शिक्षाको व्यवस्था गणित, श्रेस्ता र ज्योतिषको शिक्षा आर्जन गर्नुभएकी राधिकामा विशिष्ट प्रतिभा भएका कारण स्वाध्ययनकै भरमा गीता, चण्डी, चाणक्य नीति, पौराणिक सन्दर्भ, धर्मशास्त्र र ज्योतिषसार लगायतका शास्त्र र व्यावहारिक विषयहरूको ज्ञान विशिष्ट किसिमको क्षमता थियो ।

**श्री पद्मप्रसाद सुवेदी -** मेची अञ्चल, पाँचथर जिल्ला आजको अमरपुर गाउमा स्व. श्री अनन्तनारायण सुवेदी र स्व. श्री विष्णुमायाका तीन छोरा र तीन छोरी मध्येका कान्छो सन्तानका रूपमा १९७४ असार २४ गतेका जन्म भई शिक्षा संस्कार, आचार व्यवहारमाा पोख्त उहाँ र राधिकाका चार छोरा थिए । व्यावहारिक, धार्मिक तथा नैष्ठिक आदर्श जीवन यापन गर्दै रहँदा उच्च रक्तचाप भई औषधी सेवन गर्दा गर्दै पनि मस्तिष्कको पक्षाघातका कारण २०५२ साल माघ २८ गतेका दिन ७९ वर्षको देहावसान भएको थियो । स्थानीय पण्डित तथा तथा ज्योतिष तथा कर्मकाण्ड विद्हरूको अर्न्तवासी बनेर शैशव अवस्थामै शिक्षादीक्षामा लागेका पद्मप्रसादले त्यतिखेरको स्थितिअनुसार काठमाडौंमा बसेर संस्कृतको अध्ययन गर्दागर्दै १९९२ सालमा पितामाताको निधन भएकाले औपचारिक शिक्षालाई छोड्नुपरेको थियो । आफ्नै हिसाबले शिक्षामा समर्पित रही युवा अवस्थामै ज्योतिष, साहित्य, पौराणिक तथा कर्मकाण्ड आदिको शिक्षा आर्जन गरेका उहाँ निष्ठा र सदाचारमा विश्वास राख्ने, नित्य वेद पाठ र अग्निपूजन हवन गरेर मात्र भोजन गर्ने वा अन्य कर्ममा लाग्ने, कथा वाचन, धर्म, दर्शनका विषयमा अभ्यस्त रहने स्वभावका कारण त्यागी र परमार्थी स्वभावको जीवन बिताउनुभएको थियो । पञ्चाङ्ग तयारी कथा वाचन, फलित ज्योतिष, टिप चिनाको तयारीमा जुट्ने आचरणका कारण उहाँ समाजमा प्रतिष्ठित हुनुहुन्थ्यो । उहाँका **श्रीकृष्णाष्टमी** २०४३ र फुटकर कविताहरूको सङ्ग्रह **जीवनका तरङ्ग** २०६३ प्रकाशनमा आएको छ ।

**सुश्री दुर्गा सुवेदी -** स्व श्री पद्मप्रसाद र राधिका सुवेदीका चार

छोरामध्ये जेठा छोरा-बुहारी श्री राजेन्द्र सुवेदी र इन्दिरा सुवेदीकी जेठी छोरी दुर्गा सुवेदीको जन्म २०२५ साल चैत्र छ गतेका दिन पाँचथरको अमरपुरमा भएको थियो। प्रमाणपत्र तहको अध्ययन पूरा गरेकै समयमा २०४५ सालमा रक्तकोशिका नष्ट हुने रोगका कारण अल्पायुमै निधन भयो। निधनपछि उत्तीर्ण भएको परीक्षाफल प्रकाशन भएको थियो। प्रा. राजेन्द्र सुवेदी र इन्दिरा सुवेदी तथा उहाँका छोराबुहारी श्री कमल सुवेदी र सुचेता सुवेदी तथा नाति श्रेयस सुवेदीका तर्फबाट यो पुरस्कार स्थापित गरिएको छ। 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार' बाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि १०,०००/- रहेको छ। २०७२ डा. टीकाराम अधिकारी। २०७३ प्रा. डा. वेणीमाधव ढकाल।

**५. शारदादेवी सिर्जना पुरस्कार २०७२**

गुल्मीको प्रसिद्ध अर्ज्याल वंशमा जन्मेर कपिलवस्तुलाई कर्मक्षेत्र बनाएका बहुआयामिक व्यक्तित्व 'विद्वत्वर' रश्मिराज अर्ज्याल तथा केशकुमारी अर्ज्यालकी कनिष्ठ सुपुत्री शारदादेवी अर्ज्यालको जन्म वि.सं. १९८४ चैत्र २९ गते कपिलवस्तुको तौलिहवामा भएको हो। 'छोरीलाई पढाए पोइला जान्छन्' भन्ने तत्कालीन अविकसित सोच विपरित शारदाले पिताजीबाटै प्रारम्भिक शिक्षाको सुरुआत गर्दागर्दै साढे दुई वर्षकै उमेरमा मातृस्नेहबाट वञ्चित शारदादेवीले पिता एवम् तीन दाजुभाउजूका वात्सल्यमय वातावरणमा स्थानीय पाठशालाबाट कक्षा तीनसम्मको औपचारिक शिक्षा प्राप्त गर्नुभएको थियो। संस्कृत, हिन्दी, नेपाली र गणितमा समेत अत्यन्त तीक्ष्ण शारदाले महाभारत, गीता, रामायणलगायत थुप्रै पौराणिक तथा धार्मिक ग्रन्थहरूका अध्ययन गर्नुभएको थियो। रौतहटको छतौना गाउँमा शारदादेवीको वैवाहिक सम्बन्ध गाँसियो। रामेछाप कठजोरे अधिकारी मुखिया चन्द्रलाल अधिकारीका कनिष्ठ सुपुत्र व्याकरणाचार्य, न्यायशास्त्री बद्री-नारायण अधिकारी (१९७८/११/१५-२०७३/९/१२) जस्ता विद्वान्सँगको वैवाहिक जीवन अत्यन्त मर्यादित र सम्मानित थियो। खेतीपाती, व्यापार-व्यवसायमा श्रीमान् व्यस्त रहेको वेला दशओटा सन्तानलाई ममताको आँचलमा राखी शिक्षाको ज्योति जगाउने पहिलो दायित्व उहाँकै काँधमा थियो। औपचारिक शिक्षा सँगसँगै नैतिक शिक्षा र सीपसमेत जरुरी छ भनी आफ्ना र अरू वरपरका चेलीबेटीलाई समेत अक्षर चिनाउने, पढाउने र सीप सिकाउने काम गर्नुहुन्थ्यो शारदादेवी।

उहाँकी छोरी उपमा आचार्यले २०७२ वैशाख ६ गते परलोक हुनुभएकी आफ्नी ममतामयी आमाको पुण्यस्मृतिमा यस पुरस्कारको स्थापना गर्नुभएको हो। संयम र अनुशासित आफ्नी आमाको शिक्षा तथा सामाजिक सेवाभावको कदर गर्दै 'कुशल गृहिणी र असल अभिभावकत्व ग्रहण गरेकी महिला साहित्यकार'लाई यो पुरस्कार प्रदान गरिँदै आएको छ। 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि ११,०००/- रहेको छ। २०७२ गीताकेशरी २०७३ भागीरथी श्रेष्ठ।

**६. जम्बकुमारी टीकावल्लभ साहित्य सम्मान २०७३**

'दमाई कामीलाई गाली नगर्नू, तिनीहरू पनि हामी जस्तै मान्छे हुन्।' पुरातन संस्कारको एकछत्र राज भएको समयमा छोइछिटो पटक्कै नचल्ने परिवारमा जन्मिएर पनि आफ्ना सन्तानलाई 'मान्छे सबै एउटै हो' भनेर पाठ सिकाउने माता जम्बकुमारी नेपाल पिता भवानीप्रसाद न्यौपाने र माता इन्द्रकला न्यौपानेको साहिँली छोरीका रूपमा १९७२ सालमा भोजपुर जिल्लाको गोगनेमा जन्मनुभएको थियो। २०२४ साल चैत महिनामा उहाँको निधन भयो।

'मान्छेलाई कहिल्यै दुःख नदिनू, सबैको भलो गर्नू, आफूबाट हुने काममा कुनै ढिला सुस्ति नगर्नू, सित्तैमा कसैसँग कुनै कुरा नलिनू, आफूबाट कुनै गल्ती भएको छैन भने कसैसँग नडराउनू।' हामीलाई यस्तै अनेकौं शिक्षा दिने पिता टीकावल्लभ नेपाल पिता छविलाल नेपाल र माता लक्ष्मीमाया नेपालको जेठो छोराका रूपमा १९६३ सालमा भोजपुर जिल्लाको पोखरेमा जन्मनुभएको थियो। २०४२ साल मङ्सिर महिनामा उहाँको निधन भयो।

टीकावल्लभ नेपाल र जम्बकुमारी नेपालका छोराबुहारी वासुदेव नेपाल-श्रीमती विमला नेपाल, प्रदिप नेपाल-श्रीमती झुमा नेपाल, समीर नेपाल-श्रीमती राधा नेपाल तथा छोरीहरू लालकुमारी नेपाल 'पोखरेल', कृष्णकुमारी नेपाल 'निरौला' र उनीहरूका शाखा-सन्तानले टिकाबल्लभ नेपाल र जम्बकुमारी नेपालको स्मृतिलाई जीवनको निरन्तरतासँग जोडिरहन उहाँहरूको नाममा यो पुरस्कारको स्थापना भएको हो।'जम्बकुमारी टीकावल्लभ साहित्य सम्मानबाट सम्मानित व्यक्तित्वहरू : हाल यसको राशि ११,१११/- रहेको छ। २०७३ परशु प्रधान।

**७. रामप्रसादश्रेष्ठ साहित्य सम्मान**

काठमाडौं बुद्ध नगर बसोवास गर्ने हाल अमेरिकामा रहँदै आउनुभएको हरि थापा र उहाँकी धर्मपत्नी भैरवी थापाद्वारा आफ्ना गुरु स्व.रामप्रसाद श्रेष्ठको सम्झनामा स्थापनाभएको यो पुरस्कारको राशि १०,०००/- रहने छ र पुरस्कार २०७५ वैशाखबाट आरम्भ हुनेछ। ००

# स्रष्टा सम्मान तथा पुस्तक विमोचन

२०७४ वैशाख १ गते साहित्य दिवसको उपलक्ष्यमा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा भएको एक कार्यक्रममा यस वर्षको १. साहित्य संवर्द्धन द्रष्टा सम्मान- प्रा. ठाकुर पराजुली (१०,०००/-) २. हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार- पुण्य खरेल (२३,०००/-) ३. विश्वज्योति सेवा सम्मान-शान्तदास मानन्धर (११,०००/-) ४. शारदा सिर्जना पुरस्कार- भागिरथी श्रेष्ठ (१०,०००/-) ५. राधिका-पदम-दुर्गा पुरस्कार- प्रा.डा. वेणीमाधव ढकाल (१०,०००/-) ६. जम्बकुमारी टीकावल्लभ साहित्य सम्मान- परशु प्रधान (११,१११/-) लाई वैशाख १ गते साहित्य दिवसका दिन दिनको २ बजे प्रदान गरियो। साथै शब्दार्थ प्रकाशनद्वारा प्रकाशित **ज्ञानु अधिकारी**द्वारा सङ्कलित तथा लिखित २०७२ सालमा देशभरबाट प्रकाशित लगभग चारसय पुस्तकहरूको समीक्षात्मक परिचय ग्रन्थ '**साहित्य वर्ष पुस्तक २०७२**, रजनी ढकालद्वारा रचित '**लयको खोजीमा**' निबन्ध सङ्ग्रह तथा तिलस्मी प्रभासद्वारा रचित '**अमृताञ्जली**' मुक्तकसङ्ग्रह समेतको विमोचन सम्पन्न भयो। कोषकार वसन्तकुमार शर्म्मा नेपाल, प्रा. गोपीकृष्ण शर्मा, प्रा. राजेन्द्र सुवेदी, डा. लेखप्रसाद निरौला, धीरकुमार श्रेष्ठ, लेखक त्रय आदिले सम्मानित-स्रष्टा तथा कृतिका बारेमा आआफ्नो विचार राख्नुभयो। संस्थाका महासचिव विनयकुमार शर्मा नेपालले शब्दार्थ प्रकाशन तथा साहित्य संवर्द्धन केन्द्रको बारेमा परिचय दिनुभयो भने उक्त कार्यक्रम ब्रिलियन्ट कलेजका प्राचार्य दुर्गाप्रसाद नेपालले सञ्चालन गर्नुभएको थियो। ००






New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

**Contact Offices:**

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**



यस ब्रिटिस गोर्खा एकेडेमी बाँसबारीमा शैक्षिक सत्र २०७४ का लागि कक्षा नर्सरीदेखि कक्षा ८ सम्म भर्ना खुल्यो । सिट सीमित छ । छात्रावास र बसको सुविधा छ ।

**CCTV & BGA Montessori**

प्रिन्सिपल

**ब्रिटिस गोर्खा एकेडेमी**

बाँसबारी, काठमाडौं ।

फोन : ४३७१८१४, ४०१८७८७, ४०१८५८९



नव वर्ष

२०७४को

॥ हार्दिक मंगलमय शुभकामना ॥



नेपाल एग्रो
माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Nepal Agro Microfinance Bittiya Sanstha Limited

**तेजेन्द्र शर्मा लम्साल**

प्रमुख कार्यकारी अधिकृत

तथा

# नेपाल एग्रो

## माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## परिवार



यहाँ अर्डर अनुसारको लेडिज/जेन्स ज्याकेट तयार गरिन्छ । साथै लेदरको ज्याकेट स्प्रे, रिपेयरिङ तथा हरेक प्रकारको कपडा मर्मत गरिन्छ ।



# रबिसा बुटिक टेलर

हात्तीगौंडा, काठमाडौं ।

सम्पर्क : ९८६६८८५७१५



## नयाँ वर्ष २०७४ को

॥ हार्दिक मंगलमय शुभकामना ॥

निरन थपलिया

सोभित आचार्य



Since 2070

9851067149 9851055237



# Everest Furnisher suppliers

Specialchowk, Golfutar, Kathmandu, Nepal, Tel: 01-4371002

Facebook:www.facebook.com/Everest Furnisher Suppliers



We Provides: Carpet, Curtain, Mattress, Sofa Cover, Pipe, Channel, Vertical, Veneshing, Blinds, Pillow, Sofa, Cupboard, Bed and All Kinds of Furniture & Furnishing Products.



# २०७४ सालको बाह्रै महिनाभरिको राशिफल

- ज्यो.पं. रमेश अधिकारी

### वैशाख

मेष : मानसिक शान्ति, मनोरञ्जनमा अग्रसर हुने, श्रीप्राप्ति ।
वृष : अध्ययनतर्फ रूची जाग्ने, आफन्तबाट सहयोग, स्वास्थ्य वाधा ।
मिथुन : सत्सङ्गमा मन जाने, अपव्यय, एक्कासी आर्थिक लाभ ।
कर्कट : मानसिक चञ्चलतामा वृद्धि, धार्मिक कार्यमा सहभागिता, मिष्ठान्न भोजन ।
सिंह : प्रियजन भेट, कार्यमा सफलता, उत्साहमा वृद्धि ।
कन्या : आलस्य बढ्ने, वैदेशिक यात्राको सम्भावना, आफन्तमा मनमुटाव ।
तुला : पारिवारिक सद्भावमा प्रगति, अध्ययनतर्फ रूचि बढ्ने ।
वृश्चिकः आर्थिक क्षति, वौद्धिक विकास, मानमर्यादामा वृद्धि ।
धनु : नयाँ मित्रसँग भेट, सामाजिक कार्यबाट शान्ति, आर्थिक लाभ ।
मकर : ईष्टमित्रबाट सहयोग, परोपकारमा मन जाने, मनोरञ्जनको प्राप्ति ।
कुम्भ : सन्तान सुख, धार्मिक कार्यमा सहभागी हुने, स्वादिष्ट भोजन प्राप्ति ।
मीन : नयाँ व्यवसायमा सफलता, केही स्वास्थ्य वाधा, शुभ खवर पाउने ।

### जेठ

मेष : आर्थिक क्षेत्रमा सुधार, केही अपव्यय रहने, थोरै अस्वस्थता ।
वृष : शारीरिक अवस्था मजवुत रहने, आर्थिक लाभ, भ्रमणको योग ।
मिथुन : चोटपटकको सम्भावना, आफन्तसँग भेटघाट, आकस्मिक धनलाभ ।
कर्कट : मान सम्मान मिल्ने, आध्यात्मिक कार्यमा सहभागिता, केही स्वास्थ्य बाधा ।
सिंह : पारस्परिक प्रेम बढ्ने, हर्ष उल्लासमा बढ्ने, मनोरञ्जनको प्राप्ति ।
कन्या : आलस्य बढ्ने, पारिवारिक कचकच, केही आर्थिक लाभ ।
तुला : नयाँ व्यवसायमा फाइदा मिल्ने, आफन्तबाट सहयोग, मनमा प्रसन्नता ।
वृश्चिक : स्वस्थ्य प्रतिकुल रहने, धार्मिक कार्यमा मन जाने, विदेश भ्रमणको योग ।
धनु : मानसिक शान्ति, पारिवारिक उन्नति, मिष्ठान्न भोजन मिल्ने ।
मकर : काममा अपजस, शारीरिक स्फुर्ति बढ्ने, अचानक श्रीप्राप्ति ।
कुम्भ : स्वदेश भ्रमणको सम्भावना, व्यपारमा लाभ, थोरै अस्वस्थता ।
मीन : सत्सङ्गमा मन लाग्ने, आफन्तबाट स्नेह, आर्थिक लाभ ।

### असार

मेष : मानसिक शान्ति, नोकरीबाट लाभ, आफन्तमा केही झमेला ।
वृष : स्वास्थ्यमा सुधार, सामाजिक कार्यमा सहभागी बन्ने, अपव्यय ।
मिथुन : कार्यमा सफलता, मानसिक चञ्चलता, स्वास्थ्यमा वाधा ।
कर्कट : पेशा व्यवसायमा सफलता, सामाजिक कार्यबाट शान्ति, श्रीप्राप्ति ।
सिंह : वैदेशिक यात्राको सम्भावना, शारीरिक प्रतिकुलता रहने, आर्थिक लाभ ।
कन्या : धार्मिक कार्यमा रूचि बढ्ने, मन प्रसन्न रहने, केही स्वास्थ्य वाधा ।
तुला : अध्ययनतर्फ मन जाने, आफन्तबाट सहयोग, स्वादिष्ट भोजन मिल्ने ।
वृश्चिकः नयाँ कार्यको थालनी, मनोरञ्जन गरिने, केही स्वास्थ्य प्रतिकुल हुने ।
धनु : वैदेशिक यात्राको सम्भावना, आर्थिक लाभ, स्वास्थ्यमा वाधा हुने ।
मकर : कार्य सफलता, नयाँ मित्र भेट, मानसिक प्रसन्नता बढ्ने ।
कुम्भ : साथीभाइबाट सहयोग मिल्ने, धार्मिक यात्राको सम्भावना, आर्थिक लाभ ।
मीन : जाँगर बढ्ने, मनोरञ्जन गरिने, वैदेशिक यात्रामा लाभ ।

### साउन

मेष : मनोरञ्जनमा अग्रसर हुने, केही अस्वस्थता, व्यवसायमा सफलता मिल्ने ।
वृष : पारिवारिक स्नेहमा वृद्धि, आर्थिक क्षेत्रमा विस्तार, अध्ययनमा रूचि जाग्ने ।
मिथुन : माङ्गलिक कार्यका सहभागिता, व्यवसायिक सफलता, केही अस्वस्थता ।
कर्कट : आफन्तमा मनमुटाव, साथीभाइको सहयोग रहने, आकस्मिक धन लाभ ।
सिंह : नविन कार्यको आरम्भ, स्वदेश भ्रमणबाट लाभ, स्फुर्ति बढ्ने ।
कन्या : मानसिक प्रसन्नता बढ्ने, शुभ कार्यमा लाग्ने, अध्ययनमा अरूचि ।
तुला : शारीरिक अस्वस्थता, मित्रजन भेट, केही अपव्यय, विदेश भ्रमणको योग ।
वृश्चिकः व्यपारव्यवसायमा सन्तोष, मानसिक शान्ति, मिष्ठान्न भोजन प्राप्ति ।
धनु : सामाजिक कार्यका अवसर मिल्ने, आफन्तबाट सहयोग, स्वास्थ्यमा सुधार ।
मकर : आकस्मिक धन प्राप्ति, कार्यमा रूकावट, थोरै स्वास्थ्य वाधा ।
कुम्भ : केही अपव्यय हुने, स्वास्थ्यमा ह्रास, काममा जस पाइने ।
मीन : ईष्टमित्रबाट सहयोग मिल्ने, पेशाव्यवसायमा सफलता, स्वास्थ्यमा सुधार ।

### भदौ

मेष : कुटुम्ब वृद्धि, कार्य सिद्धि हुने, धार्मिक कार्यमा अग्रसरता, मानसिक शान्ति ।
वृष : विदेश भ्रमणबाट लाभ, आफन्त सहयोग, स्वास्थ्यमा गडवडी ।
मिथुन : सामाजिक कार्यमा व्यय, नोकरीतर्फ प्रगति हुने, आफन्तबाट सहयोग ।
कर्कट : प्रियजनसँग भेटघाट हुने, कार्यमा सफलता, मन प्रसन्न रहने ।
सिंह : आर्थिक क्षेत्रमा प्रगति हुने, केही शारीरिक अस्वस्थता, अध्ययनमा रूचि ।
कन्या : धार्मिक कार्यमा अभिरूचि बढ्ने, मानसिक शान्ति, केही अपव्यय हुने ।
तुला : स्वदेश भ्रमणको सम्भावना, गरेको कार्यमा सन्तुष्टि, स्फुर्ति बढ्ने ।
वृश्चिकः शारीरिक अस्वस्थता हुने, पारिवारिक सहयोगमा वृद्धि, आर्थिक लाभ ।
धनु : अध्ययनमा रूचि बढ्ने, साथीभाइबाट सहयोग, थोरै अस्वस्थता हुने ।
मकर : स्वास्थ्यमा सुधार आउने, कार्यमा सफलता मिल्ने, शुभ कार्यमा सहभागिता ।
कुम्भ : अचानक श्रीप्राप्ति, कार्यमा प्रगति हुने, मन प्रसन्न हुने ।
मीन : वैदेशिक यात्राको सम्भावना, प्रियजन भेट, स्वास्थ्यमा वाधा ।

### असोज

मेष : मन खुशी, परोपकारमा मन जाने, धार्मिक कार्यमा अग्रसरता, अस्वस्थता ।
वृष : वैदेशिक भ्रमणको सम्भावना, आर्थिक लाभ, नयाँ मित्रजनसँग भेट ।
मिथुन : व्यापार व्यवसायमा असंतुष्टि, आफन्तबाट सहयोग, स्वास्थ्यमा सुधार हुने ।
कर्कट : कार्यमा शिथिलता आउने, व्यवसायमा सफलता, नयाँ कार्यको थालनी ।
सिंह : पारिवारिक सद्भावमा वृद्धि, मनमा प्रफुल्लता आउने, आरोग्यता प्राप्ति ।
कन्या : मानसिक स्थिरता रहने, पारिवारिक सहयोगमा वृद्धि, स्वास्थ्यमा ह्रास ।
तुला : नविन कार्यको शुरूवात हुने, मानसिक शान्ति मिल्ने, चञ्चलतामा वृद्धि ।
वृश्चिकः आफन्तमा सद्भाव बढ्ने, आर्थिक लाभ, तर स्वास्थ्य वाधा ।
धनु : गरेका कार्य सफल, धार्मिक कार्यमा मन जाने, विदेश भ्रमणको योग ।
मकर : पेशा व्यवसायमा सफलता, अचानक आर्थिक लाभ, आलस्यता बढ्ने ।
कुम्भ : आरोग्यता प्राप्ति, केही अपव्यय हुने, आफन्तबाट सहयोग मिल्ने ।
मीन : माङ्गलिक कार्यमा सहभागी हुने, वैदेशिक यात्राको सम्भावना, मानसिक शान्ति ।

### कातिक

मेष : सभासमारोहमा सहभागिता रहने , औद्योगिक कार्यको थालनी, नयाँ प्रेमको शुरू ।
वृष : कार्यमा अपजस, विदेश भ्रमणको योग, धार्मिक कार्यमा सहभागी रहने ।
मिथुन : आकस्मिक आर्थिक लाभ, नयाँ आवासको व्यवस्था हुने, शारीरिक अस्वस्थता ।
कर्कट : अचल सम्पत्ति प्राप्ति, अपव्यय हुने, कार्य सिद्धि हुने ।
सिंह : पढाइमा रूचि जाग्ने, नयाँ स्थानको भ्रमण, आफन्तबाट सहयोग मिल्ने ।
कन्या : शारीरिक अस्वस्थता, आध्यात्मिक चिन्तनमा हुने, आकस्मिक श्रीप्राप्ति ।
तुला : मनोरञ्जनतर्फ मन जाने, सभासम्मेलनमा सहभागी हुने, मिष्ठान्न भोजन ।
वृश्चिकः अध्ययन अध्यापनमा वाधा, पेशा व्यवसाय सफल, वैदेशिक भ्रमणको योग ।
धनु : मानसिक अशान्ति, धार्मिक क्षेत्रमा मन जाने, विशेष लाभको योग ।
मकर : मानसिक सन्तुष्टि मिल्ने, सन्तान सुख, केही शारीरिक गडवड ।
कुम्भ : आफन्तमा कचकच, लेनदेनमा झमेला, अचानक आर्थिक लाभ ।
मीन : नोकरी व्यवसायमा सफलता, आफन्तबाट सहयोग, मानसिक चञ्चलता ।

### मङ्सिर

मेष : नयाँ पुरूषार्थको थालनी, चल सम्पत्तिमा वृद्धि, स्वास्थ्य गडबड ।
वृष : स्वास्थ्यमा अनुकुलता, नयाँ स्थानको यात्रा, केही लाभ रहने ।
मिथुन : व्यवसायिक उन्नति, जोश जाँगर बढ्ने, स्वास्थ्य वाधा रहने ।
कर्कट : आफन्तबाट प्रसस्त सहयोग, नयाँ कार्यको शुरूवात, मन प्रफुल्ल रहने ।
सिंह : शरीरमा उत्साह बढ्ने, सन्तानबाट आनन्द मिल्ने, रूघाखोकीको भय ।
कन्या : अपजस आइलाग्ने, भ्रमणको सम्भावना, स्वादिष्ट भोजनको प्राप्ति
तुला : नयाँ कार्यको योजना, अचानक आर्थिक लाभ, केही अस्वस्थता ।
वृश्चिक : झनक्क झोक चल्ने, मनोरञ्जनमा मन जाने, व्यवसायमा सफलता ।
धनु : चित्त प्रसन्न रहने, राम्रो समाचार पाइने, वैदेशिक यात्राको सम्भावना ।
मकर : पेटको समस्या हुने, कार्य सफल बन्ने, केही अशान्ति आउने ।
कुम्भ : ईश्वरको खोजिमा मन जाने, कार्य सफल रहने, केही अशान्ति हुने ।
मीन : मानसिक अशान्ति, आफन्तबाट असयोग, अकस्मात आर्थिक लाभ ।

### पुस

मेष : आध्यात्मिक कार्यमा सहभागिता, मानसिक शान्ति, केही अपव्यय ।
वृष : मानसम्मानमा वृद्धि, पेशा व्यवसायमा सफलता, शारीरिक अस्वस्थता रहने ।
मिथुन : टाउको दुख्ने, व्यापारमा घाटा, आफन्त सहयोग, विदेश भ्रमणको योग ।
कर्कट : आफन्तबाट सहयोग, मानसिक अशान्ति, पेशा व्यवसायमा धेरै लाभ ।
सिंह : मनमा शान्ति आउने, ईष्टमित्रबाट प्रचूर सहयोग, किंचित स्वास्थ्य वाधा ।
कन्या : मन प्रफुल्ल, कार्य सफल, अचानक धनलाभ ।
तुला : वैदेशिक भ्रमण, अपव्यय, धार्मिक कार्यमा मन जाने, स्वास्थ्य प्रतिकुल हुने ।
वृश्चिकः नयाँ मित्रसँग भेट हुने, आर्थिक क्षति, स्वास्थ्य लाभ हुने ।
धनु : कर्म क्षेत्र सवल रहने, पारिवारिक हर्ष बढ्ने, स्वास्थ्यमा केही गडवड ।
मकर : अध्ययनमा रूचि घट्ने, मनोरञ्जनमा मन जाने, मन प्रफुल्ल रहने ।
कुम्भ : पेशा व्यवसायमा सुधार, यात्राबाट लाभ, मिष्टान्न भोजनको प्राप्ति ।
मीन : मान प्रतिष्ठामाआँच आउन सक्ने, कार्यमा प्रगति, केही अपव्यय रहने ।

### माघ

मेष : वैवाहिक योग, आर्थिक क्षेत्र सवल रहने, केही चञ्चलता रहने ।
वृष : शारीरिक गडवडी, मानसम्मान मिल्ने, मिष्ठान्न भोजन ।
मिथुन : विशेष अनुकुल परिस्थिति आउने, आर्थिक लाभ मिल्ने ।
कर्कट : सबैतिरबाट प्रसंसा मिल्ने, धनलाभ, केही स्वास्थ्य वाधा ।
सिंह : शारीरिक कमजोरी हुने, आफन्तबाट सहयोग, श्रीप्राप्ति ।
कन्या : अचल सम्पत्ति प्राप्त हुने, प्रतिष्ठामा वृद्धि हुने, स्वास्थ्य प्रतिकुल हुने ।
तुला : प्रेम मजवुत रहने, विदेश यात्रा हुने, धार्मिक विचारमा वृद्धि ।
वृश्चिकः शारीरिक चोटपटकको भय, नविन कार्यको थालनी, आर्थिक लाभ मिल्ने ।
धनु : कार्यमा वाधा अड्चन आउने, मित्रबाट सहयोग मिल्ने, मानसिक शान्ति हुने ।
मकर : यथेष्ट मद्दत पाइने, कार्य सफल हुने, स्वस्थ्यमा सुधार आउने ।
कुम्भ : मानसिक शान्ति मिल्ने, अध्यात्ममा मन जाने, श्रीप्राप्तिको योग ।
मीन : व्यापार नोकरीमा लाभ, पारिवारिक प्रेमको विस्तार, स्वास्थ्यमा वाधा ।

### फागुन

मेष : नयाँ उत्साह पलाउने, सम्मानमा बृद्धि, मनोरञ्जनमा मन जाने ।
वृष : आर्थिक लाभ, नयाँ कार्यको थालनी, आलस्य बढ्ने, केही अस्वस्थता ।
मिथुन : सन्तान वृद्धि, सुखद कार्यमा सहभागिता, उत्साह बढ्ने, मिष्ठान्न भोजन प्राप्ति ।
कर्कट : रिपु क्षय, कार्य सिद्धि, अपव्यय रहने, आफन्तमा विवाद, स्वास्थ्यमा प्रगति ।
सिंह : सम्पत्तिमा वृद्धि, पारिवारिक शान्ति मिल्ने, मानसिक कमजोरी रहने ।
कन्या : धार्मिक कार्यमा सहभागी रहने, मानसम्मान मिल्ने, स्वास्थ्यमा वाधा रहने ।
तुला : नयाँ योजनाको शुरूवात हुने, आकस्मिक आर्थिक लाभ, मनमा शान्ति हुने ।
वृश्चिकः सन्तान प्राप्ति, पराक्रम वृद्धि, विद्याध्ययनमा मन जाने, मानसिक अशान्ति ।
धनु : वैदेशिक यात्राको योग, आर्थिक समृद्धि हुने, मनोरञ्जनको प्राप्ति ।
मकर : व्यपार व्यवसायमा ह्रास, पेटमा गडवडी, सामाजिक कार्यमा सम्मान मिल्ने ।
कुम्भ : पशुचौपायबाट लाभ, कार्य सफलता, आफन्तबाट सहयोग, मनमा प्रसन्नता ।
मीन : दूरदेश गमन हुने, अकास्मात अर्थ प्राप्ति, शारीरिक प्रतिकूलता रहने ।

### चैत

मेष : सुखद समाचार मिल्ने, आध्यात्मिकतामा मन जाने, श्रीप्राप्ति, स्वास्थ्य बाधा ।
वृष : मन प्रफुल्ल रहने, आफन्तबाट सहयोग, पारिवारिक कचिङ्लो, धन लाभ ।
मिथुन : विदेश यात्राको सम्भावना, चोटपटक लाग्न सक्ने, पारिवारिक शान्ति ।
कर्कट : चञ्चलतामा वृद्धि, आकस्मिक आर्थिक लाभ, स्वास्थ्यमा प्रतिकुलता ।
सिंह : पठाइमा मन जाने, नयाँ योजनाको थालनी, मन प्रसन्न हुने ।
कन्या : भ्रमणको सम्भावना, आर्थिक उन्नति, व्यवसाय सफल, स्वास्थ्यमा वाधा ।
तुला : सन्तान सुख, मिष्ठान्न भोजन, मन प्रसन्न रहने ।
वृश्चिकः स्वास्थ्यमा गडवडी, प्रियजन भेटघाट, व्यवसायमा लाभ, मानसिक शान्ति ।
धनु : शारीरिक शक्तिमा वृद्धि, मनोरञ्जनमा मन जाने, धार्मिक कार्यमा सहभागिता ।
मकर : आफन्तबाट विश्वासघात, आर्थिक क्षेत्र प्रवल हुने, स्फुर्ति बढ्ने ।
कुम्भ : जोश-जाँगर बढ्ने, अपव्यय रहने, अपजस मिल्ने, थोरै अस्वस्थता ।
मीन : कार्य सफल, उत्साह बढ्ने, सामाजिक प्रतिष्ठा मिल्ने, स्वास्थ्य प्रतिकुल ।

## विदेशी दुश्मन



*– भवानी न्यौपाने 'भावना'*

छेकिन्नन् टहराहरू यदि भने अग्ल्याउँदै जाउला
हाम्रा बुद्ध कहाँ गए अफ अहो खोजेर नै ल्याउँला ।
छाँगा, पर्वतराज, नीलनभमा चम्केर हाँस्दै रहून्
हाम्रा वीर साहस धेर जनता लम्केर नाँच्दै रहून् ।।


छेकौँ बार गरी छिमेकतिरका गाडौँ किला साँधमा
छिर्नेछन् परका असभ्य जनता बोकौँ मुढा हातमा ।
साँधैमा नजिकै छ दुश्मनहरू फुक्याउने तालमा ।
उस्को चाल बुझेर आत्म बलले जागौँ सधैँ रातमा ।।

माटो लुट्छ गरेर भेल उसले नेपाल खाँदै गयो
मोदी चाल रहेछ देश हरने नेपाल मिच्दै छ यो ।
हाम्रा ताल नदी छ धेर रसिला सुख्खा छ उस्को धरा
देखाऔं सबले गरेर अबता खेती विकासी गरा ।।

पाए हेप्छ सधैँ छ दुष्ट मनको नेपालका खातिर
नाका बन्द गरी सुकाउन गयो बाटो सबै आखिर ।
बानी बिग्रन गो सबै जनहरू उस्कै भरोसा गरी
नेपाली जनता सिधा सबजना उस्कै हुने मन्परी ।।

आफैँ सीप सिकी गरौँ घर-घरै उद्योगधन्दाहरू
वैरीको वशमा परेर नबसी योद्धा बनौँला बरु ।
हाँस्दै बोल्छ ऊ बाघ जहिल्यै सामान्य भैँ भेषमा
नेपाली जनता विध्वंस गरने भित्रै छिरी देशमा ।।



उपनिषत् ■ **वसन्तकुमार शर्म्मा नेपाल**

# एकाक्षरोपनिषत् – २१

एकाक्षरपदारूढं सर्वात्मकमखण्डितम् ।
सर्ववर्जितचिन्मात्रं त्रिपान्नारायणं भजे ।१।
ॐ स ह नाववत्विति शान्तिः ।

हरिः ॐ । एकाक्षरं त्वक्षरेऽत्रास्ति सोमे सुषुम्नायां चेह दृढी स एकः । *त्वं विश्वभूर्भूतपतिः पुराणः पर्जन्य एको भुवनस्य गोप्ता ।१। विश्वे निमग्नपदवीः कवीनां त्वां जातवेदो भुवनस्य नाथः । अजातमग्रे स हिरण्यरेता यज्ञस्त्वमेवैकविभुः पुराणः ।२। प्राणः प्रसूतिर्भुवनस्य योनिर्व्याप्तं त्वया एकपदेन विश्वम् । त्वं विश्वभूर्योनिपराः स्वगर्भे कुमार एको विशिखः सुधन्वा ।३। वितत्य बाणं तरुणार्कवर्णं व्योमान्तरे भासि हिरण्यगर्भः । भासा त्वया व्योम्नि कृतः सुताक्ष्यर्स्त्वं वै कुमारस्त्वमरिष्टनेमिः ।४। त्वं वज्रभृद्भूतपतिस्त्वमेव कामः प्रजानां निहितोऽसि सोमे । स्वाहा स्वधा यच्च वषट् करोति रुद्रः पशूनां गुहया निमग्नः ।५। धाता विधाता पवनः सुपर्णो विष्णुर्वराहो रजनी रहश्च । भूतं भविष्यत्प्रभवः क्रियाश्च कालः क्रमस्त्वं परमाक्षरं च ।६ । ऋचो यजूंषि प्रसवन्ति वक्त्रात्सामानि सम्राड्वसुरन्तरिक्षम् । त्वं यज्ञनेता हुतभुग्विभुश्च रुद्रास्तथा दैत्यगणा वसुश्च ।७। स एष देवोऽम्बरगश्च चक्रे अन्येऽभ्यधिष्टेत तमो निरुन्ध्याः । हिरण्मयं यस्य विभाति सर्वं व्योमान्तरे रश्मिमिवांशुनाभिः ।८। स सर्ववेत्ता भुवनस्य गोप्ता ताभिः प्रजानां निहिता जनानाम् । प्रोता त्वमोता विचितिः क्रमाणां प्रजापतिश्छन्दमयो विगर्भः ।९। सामैश्चिदन्तो विरजश्च बाहु हिरण्मर्य वेदविदां वरिष्ठम् । यमध्वरे ब्रह्मविदः स्तुवन्ति सामैर्यजुर्भिः क्रतुभिस्त्वमेव ।१०। त्वं स्त्री पुमांस्त्वं च कुमार एकस्त्वं वै कुमारी ह्यथ भूस्त्वमेव । त्वमेव धाता वरुणश्च राजा त्वं वत्सरोऽग्न्यर्यम एव सर्वम् ।११। मित्रः सुपर्णश्चन्द्र इन्द्रो वरुणो रुद्रस्त्वष्टा विष्णुः सविता गोपतिस्त्वम् । त्वं विष्णुर्भूतानि तु त्रासि दैत्यांस्त्वयाऽऽवृतं जगदुद्भवगर्भः ।१२। त्वं भूर्भवः स्वस्त्वं हि स्वयंभूरथ विश्वतोमुखः । य एवं नित्यं वेदयते गुहाशयं प्रभुं पुराणं सर्वभूतं हिरण्मयम् ।१३। हिरण्मयं बुद्धिमतां परां गतिं स बुद्धिमान्बुद्धिमतीत्य तिष्टतीत्युपनिषत् ।१। हरिः ॐ तत्सत् ।*

*सर्वात्मा रूप चिन्मात्र एकाक्षर अखण्डित*
*त्रिपदी श्री ब्रह्म मित्र ! संभूँ नारायणी-पुल !*
*ॐ सहनाववतु शान्तिः ! शान्तिः !!*

हरिः ॐ एकाक्षर ब्रह्म त, यस अक्षरमा (सोममा) सुषुम्नामा एक्लै मजबूत भै बसिरहेको छ । अर्थात् सोमरूप सुषुम्नामा स्थिर भई एकाक्षर बसिरहेको छ । हे ब्रह्मन् तिमी विश्व बनाइदिने, विश्वमा स्वयं खडा भइदिने भूपालक हौ, सबभन्दा जेठा हौ, भुवनलाई नै गुप्त राख्न सक्ने र चौथै भुवनमा आफूलाई गुप्त राख्ने एक पर्जन्य हौ । विश्वमा गडिएको भन्ने दर्जा तिम्रै हो, कविहरूमा (जातवेद) अर्थात् जन्मदै वेद जान्ने र वेद जन्माउने हौ र तिमी नै भुवनका नाथ हौ । अगाडिभन्दा अगाडि जन्मिएका अर्थात् स्वय. जन्मेका ती हिरण्यरेता (स्वर्णबीजक) यज्ञ त तिमी मात्रै एउटा पुराना र विभु हौ । संसारको प्राण जन्म र योनिमा व्याप्त रहेर तिमीले एकै दर्जाले एउटै बनेर विश्वलाई जन्मायौ (एक मात्र तिमीमात्र हुनाले आफै बीज, प्राण, योनि, गर्भ र जन्म आदि सब थोक बन्नै पऱ्यो नि तिमीले र यो विश्व बन्न पायो !) विश्वभू र आत्मभू वा स्वयंभू हौ र योनिपरक बनी आफ्नै गर्भमा विशिख (शिखारहित वा सर्वज्येष्ठ) विश्वकर्मा एउटालाई जन्मायौ ! तिनै सुधन्वा (सफल धर्नुधारी) द्वारा विशिख (बाण) हानेर (छरेर) आकाशका अन्तरकुन्तरसम्म बालसूर्य जस्तै हिरण्यगर्भ झल्किरहेछ । त्यही तिम्रो झलकले तिमी आकाशमा साँच्चैका ताक्ष्र्य, निश्चयका कुमार बनेका छौ, तिमी अरिष्टनेमि भयौ । अर्थात् तिमी स्वयं तृक्षपुत्र ताक्ष्र्य र कश्यपपुत्र अरिष्टनेमि बनिदियौ ! तिमी बज्रधारी हौ, तिमी नै काम हौ र प्रजाहरूको सोममा राखिएका छौ। स्वाहा-स्वधा-वषट् गर्ने रुद्र तिमी हौ र पशुहरूको गृहगुफा (गर्भ) मा गाडिएका छौ !

धारा (धारक) विधाता (सर्जक) वायु, पंक्षी, विष्णु (रक्षक), वराह, रात, दिन, अतीत, भविष्यत्, जन्म, कामकाज, सम्राट, वसु, अन्तरिक्ष आदि तिम्रा मुखबाट प्रकट हुन्छन् । तिमी नै यज्ञका नेता, अग्नि, विभु, रुद्रहरू, दैत्यहरू र वसु हौ । ती अम्बरयानचक्रमा घुम्दै तम नासेर अन्यत्रै भगाइदिन्छ र जसको हिरण्मय तेजहरूले व्योममण्डलै झलझलाकार पारिदिन्छ, त्यो सर्ववेत्ता र भुवनगोप्ता हो, तिम्रा तिनै तेजरश्मिजालले चंकाई प्रजाको रक्षा गर्दै तिमी सबका निहिता (धितो) प्रोता (झप्पन, ओढने) ओता (ताना, बाना) विचिति (सोचविचार, अनुसन्धान ), क्रमहरूका प्रबन्धक र प्रवर्तक, छन्दमय विशिष्ट प्रकारको गर्भ पनि तिमी नै । सामहरूद्वारा चित्त, दाँत, रजोहीन हात भएका हिरण्मय वेदविद्हरूमा श्रेष्ठ जसलाई यज्ञयागादिमा ब्रह्मज्ञहरू स्तुति गर्छन् साम र यजुहरूद्वारा र यज्ञहरूद्वारा तिमीलाई नै स्तुति गर्छन् । स्त्री, पुरुष, कुमारी, कुमार, जन्मने, धारण गर्ने (ब्रह्मा), वरुण, राजा, वर्ष, अग्नि, यम, सब थोक तिमी नै हौ । मित्र, गरुड, इन्द्र रुद्र, त्वष्टा, विष्णु, सविता, गोपति हौ ! तिमी विष्णु बनेर प्राणीहरूलाई रक्षा गर्दछौ, दैत्यहरू तिमीद्वारा आबृत छन्, तिमी जगत्को उद्भवका गर्भ छौ ! भूः भुवः स्वः तिमी नै ! अनि स्वयंभू बनेर विश्वतिर मुहुडा फर्काएका छौ !

जो यसरी नित्य ज्ञान गर्दछ यी गुहाशय पुराण सर्वप्राण हिरण्मय प्रभुलाई, त्यो बुद्धिमान् हिरण्मय बनेर बुद्धिमन्तहरूका माझमा सबैलाई टपेर परा गति प्राप्त गर्छ ! यही उपनिषत् हो ।

ॐ सहनाववतु शान्तिः ! शान्तिः !! शान्तिः !! ॐ तत्-सत् ।

**शब्दार्थ प्रकाशन**
**चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३**




www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती

**तपाईंको परिचय दिनुहुन्छ कि ?**

– म कल्पना प्रसाई (पाठक)बुबा धनप्रसाद प्रसाई र आमा चन्द्रकला प्रसाईको कोखबाट कान्छी छोरीको रूपमा मोरङमा जन्म भएर हाल काठमाडौंमा परिवारको साथमा बसोवास गर्दै आएकी छु ।

**तपाईंलाई साहित्यसेवी भन्ने गर्छन् नि, किन ?**

– म साहित्यसेवी भन्दा पनि साहित्य प्रेमी तथा साहित्यको विद्यार्थी भन्न रूचाउँछु।

**तपाईंले नेपाली साहित्यलाई कसरी बुझ्नु भएको छ ?**

– नेपाली साहित्य एउटा महासागर हो यसभित्र अनेक विधा छन् र सबै विधाका आ–आफ्नै सिद्धान्त परिभाषा र महत्व छन् ।

**आजसम्म के–के लेख्नु भो, र आगामी योजना के छ ?**

– गीत, गजल, कविता । आगामी दिनमा पनि यसैलाई निरन्तरता दिनेछु । आगामी दिनमा आख्यानतिर पनि कलम चलाउने विचार गर्दैछु ।

**तपाईंको लेखाइमा प्रेमभाव प्रकट भएको पाइन्छ, हो ?**

– माया, प्रेम, विछोड आदि बिना त सम्पूर्ण साहित्य नै अधुरो हुन्छ । यो त मेरोमा मात्र होइन, सबै लेखकहरूको सिर्जनामा पाइन्छ तर म राष्ट्रिय भाव, मानवीयता, संस्कृति र मनोविज्ञानलगायतका विषयमा पनि त्यत्तिकै कलम चलाउँछु ।

**सिर्जना र प्रेमको सम्बन्ध कस्तो हुनु पर्ला ?**

– नङ र मासुको जस्तो दुवै अपरिहार्य हुन् ।

**तपाईंलाई मन पर्ने नेपाली साहित्यकारहरूको नाम भन्नुस् न ?**

– सबैको आ–आफ्नै विधागत दक्षता छ । खै कसको नाम लिऊँ ? पुरानामा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधवप्रसाद घिमिरे तथा पारिजात हुन् भने अहिलेकामा कृष्ण धरावासी, अमर न्यौपाने, सुविन भट्टराई आदि हुन् ।

**को बाट प्रभावित भएर लेख्न थाल्नु भएको हो ?**

– प्रभावित भन्दा पनि प्रोत्साहित छु मेरा गीतकार साथी प्रकाश सुवेदी जसले मलाई लेख्नको लागि प्रोत्साहन गर्नुभयो । प्रत्यक्ष प्रभावित भने कसैबाट पनि छैन । मनको भाव स्वस्फूर्त पस्किने गर्छु ।

**नेपाली साहित्यबारे विश्लेषण गर्नु पर्दा हिजोको साहित्य कस्तो थियो, आजको साहित्य कस्तो छ र भोलिको साहित्यिक दिनहरू कस्तो रहला ?**

– नेपाली साहित्य पहिलेभन्दा खस्किदै गइराखेको छ, अहिले बुझ्रेरभन्दा कपि गरेर लेख्ने गरेको पाइन्छ । पहिला गुण, दोष र क्षमताको आधारमा मूल्याङ्कन गरिन्थ्यो तर अहिले सस्तो प्रचार प्रसार र व्यक्तिगत सम्बन्धका आधारमा गरिन्छ । यस्ता कुराहरू हटाउँदै लैजानुपर्छ । साथसाथै भाषागत त्रुटिहरू पनि कम गर्दै जानुपर्छ ।

**भगवान्मा विश्वास गर्नुहुन्छ ? मान्छे मरेपछि कहाँ जाला ? जीवन र जगतबारे तपाईंको बुझाइ के छ ?**

– भगवान्मा विश्वास गर्छु तर पूजापाठमा खासै मन जाँदैन । सेवाभाव नै धर्म हो । मान्छे मरेपछि माटो बन्छ । पुनर्जन्म भन्ने कुरा सबै बेकार हुन् । जीवन विभिन्न आरोह–अवरोहसहितको प्राणीजगतको भोगाइ हो ।


**अन्तमा के भन्नुहुन्छ ?**

– अन्तमा मेरो विचार राख्ने अवसर दिनुभएकोमा अग्निचक्र मासिकलाई धेरै धेरै धन्यवाद तथा नयाँ वर्ष २०७४ को सबैलाई शुभकामना ।।



# साहित्य प्रेमी तथा साहित्यको विद्यार्थी भन्न रुचाउँछु

## – कल्पना प्रसाई (पाठक)





# हार्दिक आभार तथा शुभकामना

नेपाल राष्ट्र बैंकको मिति ०७३ साल चैत्र २१ गतेको पत्रबाट यस कन्ट्री डेभलपमेन्ट बैंक लिमिटेडलाई प्राइम कमर्सियल बैंक लिमिटेडले नियमानुसार एक्विजिसन गर्ने निर्णय भइसकेको हुँदा हामी चाँडै नै प्राइम कमर्सियल बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार शुभारम्भ गर्न गइरहेका छौँ । कन्ट्री डेभलपमेन्ट बैंक लिमिटेडलाई सफलतापूर्वक यात्रा गर्न सहयोग गर्नुहुने हाम्रा शेयरधनी, ग्राहकवर्ग, कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू, बनेपा, नारायणगढ, बुटवल, सिन्धुली र वीरगञ्जवासीहरू एवं मलाई मार्गदर्शन दिनुहुने सञ्चालक समिति परिवार तथा समस्त शुभचिन्तकज्यूहरूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु । साथै नव वर्ष ०७४ को शुभ उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना पनि व्यक्त गर्दछु ।



**धीरेन्द्रबहादुर दाहाल**

***नि. सीईओ***

**कन्ट्री डेभलपमेन्ट बैंक लिमिटेड**

**COUNTRY DEVELOPMENT BANK LTD.**

प्रधान कार्यालय, बनेपा-१०, काभ्रे, नेपाल